Jana Aakash
National Weekly

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष–१४ , अंक– ९, २०७८ साल असोज ५ गते मंगलबार (Sep 21, 2021) www.janaakash.com.np मूल्य रु १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

**सम्पर्क: ४१६७५७८ (बागबजार)**

**मोबाइल: ९८६१५८८४५६**

Email: jana.news2065@gmail.com

# महान् पर्व दशैंलाई उल्लासमय बनाऔ

मोहन कार्की

नेपालीहरुको महान पर्व ढोकामा आइपुगेको छ । नेपालीहरु दशैंको पर्वलाई खुशी र उल्लास पर्वको रुपमा मनाउन आ(आफ्नो क्षेत्रमा गच्छे अनुसार व्यवस्थापन गर्न लागिसकेका देखिन्छन् । बजारमा चहलपहल बढिसकेको छ । यो भन्दा अगाडिका दशैं(तिहार, छड लगायत पर्वहरु नेपालीहरुले खुलेर मनाउन पाएका थिएनन् । त्यो लामो समय कुन्सिएर रहेको मनलाई फुकाएर यो बर्ष हर्षको बर्षा गर्ने धोको रहेको छ ।

कोभिडको हल्ला कम भएसँगै नेपालीहरुको दैनिकी पनि सहजै हुदै गएको छ । बिस्तारै बजारमा आर्थिक चलायनमान हुन थालेको छ । बर्षभरी हुने आर्थिक गतिविधि यही दशैं र तिहारको अवसरमा ९० प्रतिशत हुने प्रक्षपण बिगतमा हुदै आएको छ । यस बर्ष पनि त्यही अनुपातमा व्यापार हुने अनुमान लगाउन सकिन्छ ।



नेपालीहरुको महान पर्व दशैं र तिहारलाई मध्य नजर गरेर सरकारले सुरक्षाको व्यास्था, महगी नियन्त्रण गर्न अनुगमन तिब्र पारेको समाचार आएपनि उपभोक्ता ठगिने काम भने रोकिएको छैन । कतै चिटठा खेलाउने नाममा ठग्ने गिरोहहरु, कतै तास, जुवा खेलाउने गिरोहहरु कतै म्याद गुज्रीएको सामान यही दशैंको अवसरमा कटाउन लाग्ने गिरोहहरुको सक्रीयता पनि यहि दशैंको आसपासमा हुने गरेको छ । यो बर्ष पनि त्यस्ता नकरात्मक गतिविधि नहोला भन्न सकिदैन ।

त्यसैले उपभोक्ता पनि सचेत हुने र नेपालमा ब्यापार व्यवसाय गदै आएका नागरिकहरुले पनि यस्तो महत्वपुर्ण पर्वको अवसरमा कुनै दुंभाव राखेर नकरात्मक कार्य गर्नुहुदैन भन्ने सोच राखेर हर्ष र उल्लासको दशैंलाई सदभाव, कर्तव्यबोध, ठानेर व्यवसाय गर्नुपर्छ जसले सम्पुर्ण नेपालीहरुको भारचारा बढाउनमा महत्वपुर्ण भुमिका हुन्छ ।

यस्ता सकरात्मक सोचहरु राखेर नेपाली मौलिकतालाई आत्मसाथ गदै महान पर्व बिजया दशमी मनाउनुपर्छ देखासेखी गरेर भडकिलो र आउदा दिनमा पर्वको महत्व घटाउने खालका गतिविधि कोही कसैले गर्नुहुदैन । यो सवै नेपालीहरुको कर्तव्य, सस्कार, सस्कृति हो । यो महान पर्वको अवसरमा सवैले हर्ष, उल्लास, माया, करुणा राखेर एकले बाँकी ६ पृष्ठमा

# बिटुमिन तथा ब्यारेल उद्योगको सधारणसभा सम्पन्न

काठमाडौं । नेपाल बिटुमिन तथा ब्यारेल उद्योग लि.को ३०, ३१ र ३२ औं वार्षिक साधारणसभा यहि ३ भदौ ३० गते सम्पन्न भएको उधोगले जनाएको छ । उक्त साधारणसभा उद्योगका प्रबन्ध सञ्चालक प्रदीपकुमार श्रेष्ठको अध्यक्षतामा कम्पनीको मुख्य कार्यालय, कृष्णगल्ली, पुल्चोक, ललितपुरमा सम्पन्न भएको हो । सधारणसभा जुम मार्फत सम्पन्न गरेको उधोगले जानकारी दिएको हो । सभामा शेयरधनीहरूले लागेका जिज्ञासा भर्चुअल जुममार्फत नै राखेका




थिए। उक्त जिज्ञासाको प्रश्नको उत्तर प्रबन्ध सञ्चालक प्रदीपकुमार श्रेष्ठले आ.व. २०७४/०७५, २०७५/०७६ र २०७६/०७७ मा लकडाउन तथा निशेधाज्ञा लगायतका कारणले गर्दा भौतिक निर्माणका कार्यहरू हुन नसकिरहेको असहज परिस्थिति सृजना भएकोले आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव परेको अवस्थामा पनि कम्पनीले बजारमा न्यून गुणस्तरका बिटुमिनसंग प्रतिस्पर्धा गरी केही मुनाफा आर्जन गर्न सकेको ब्यहोरा बाँकी ६ पृष्ठमा

# अर्थ मन्त्री जनार्दन शर्मासंग नाडा प्रतिनिधि मण्डलको भेट



काठमाडौं । मिति २०७८ साल भाद्र ३० गते नाडाका उपाध्यक्ष करण चौधरीको नेतृत्वमा गएको ८ सदसिय प्रतिनिधि मण्डलले अर्थ मन्त्री जनार्दन शर्मासंग भेटी २०७८/०७९ को प्रतिस्थापन बजेटले अटोमोवाइल क्षेत्रमा पारेको प्रभाव बारे विस्तृत रुपमा छलफल गरेको नाडाले जनाएको छ ।

उक्त छलफलमा उपाध्यक्ष चौधरीले एसेम्बलगरी नेपालमा सवारी साधन उत्पदान गर्ने उद्योगले अनएसेम्बल अवस्थाका शीर्षक ८७.०२ ८७.०३ र ८७.११ मा पर्ने सवारी साधन पैठारी गर्दा लाग्ने अन्तशुल्क र त्यस्ता उद्योगले उत्पादन गरेको तयारी साधन विक्री गर्दा लाग्ने अन्तशुल्क महशुलमा ५० प्रतिशत छुट दिने स्पष्ट व्यवस्था गरिएकोमा नाडाले त्यसको स्वागत गरेको बताउदै एसेम्बल कति पाटर्समा आउनु पर्ने हो, कुन पार्टस एसम्बलिङ्ग हो, सरकारले त्यसको स्पष्ट बर्गिकरण गर्नु पर्ने धारणा राखेका थिए ।

सो छलफलमा चौधरीले नेपालमा गुणस्तरिय लुब्रिकेण्टसको आयात र उत्पादनका लागि सरकारले सोही अनुरुप नीति ल्याउनु पर्ने आग्रह गर्दै सरकारले अनधिकृत स्पेयर पार्टसको आयात रोक्न आधिकारिक व्यवसायलाई प्रोत्साहित गर्नु पर्ने बताए । उक्त छलफलमा चौधरीले नेपालको उद्योग व्यवसायको प्रवर्द्धनका लागि नीतिमा स्थिरता हुनु पर्ने भन्दै त्यस किसिमको नीति निर्माण गर्दा सरकारले नाडालाई पनि एउटा मुख्य स्टेकहोल्डरको रुपमा लिनु पर्ने बताए । सो छलफलमा नाडाका केन्द्रीय कार्य समिति सदस्य तथा बाँकी ६ पृष्ठमा

# एलपी ग्यास उद्योग संघको अध्यक्षमा कुश प्रसाद मल्ली सर्वसहमत

काठमाडौं । नेपाल एलपी ग्यास उद्योग संघको अध्यक्षमा कुश प्रसाद




मल्ली सर्वसहमत हुनुभएको छ ।

नयाँ नेतृत्वका लागि बिहीबार निर्वाचन गर्ने सहमति भएको थियो । संघको नेतृत्वका लागि वरिष्ठ उपाध्यक्ष कुश प्रसाद मल्लीलाई नै सवै सदस्यहरुले सर्वसहमतिमा समर्थन गरेर अध्यक्षमा चयन गरेको एलपी ग्यास उधोग संघका निवर्तमान अध्यक्ष गोकुल बहादुर भण्डारीले बताउनु भएको हो ।

पूर्व अध्यक्ष सावरमल अग्रवाल र उद्योगी विजयहरि शर्मा प्रतिस्पर्धामा रहे पनि सहमतिका लागि भएको प्रयास पछि उनीहरु पछि हटेका थिए ।

सहमतिका लागि अध्यक्ष गोकुल भण्डारी, निवर्तमान अध्यक्ष शिवप्रसाद घिमिरे तथा राजेन्द्र डल्लाकोटी, जीतबहादुर कार्की र राजेन्द्र काबरा रहेको समिति गठन गरिएको थियो ।

संघको विशिष्ठ सदस्यमा डल्लाकोटी चयन भए भने वरिष्ठ उपाध्यक्षमा बाँकी ६ पृष्ठमा



‘मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।’– *मोहन कार्की*

## सम्पादकीय

# संविधान जारी भएको ६ वर्षमा नदेखिएको खुशी

नेपालमा संविधान बनाउन परिवर्तन गर्न पटक -पटक आन्दोलन हुने गरेका छन् । ति आन्दोलनमा देश परिवर्तन गर्ने भनेर राजनीतिक पार्टीहरुले भन्दै आएका छन् । ति आन्दोलनमा थुप्रै नेपाली आमाका सोजासाजा छोराछोरीहरुले जीवन पनि गुमाएका छन् । आन्दोलनमा सोजासाजा नागरिकले वलिदान दिएर सत्ता परिवर्तन र सरकार परिवर्तन गराएका छन् ।

सत्ता र सरकार परिवर्तन गराए पनि अनुहार र पात्र उही हुदै आएका छन् । आलोपालोमा पटक-पटक आइराख्ने र तीनै पुरानै अनुहार र पार्टीका नेताहरुको बोलावाला भइरहेको छ । जति पटक सरकार परिवर्तन गरेपनि र जतिपटक संविधान परिवर्तन गरेपनि तीनै पटके नेताहरुलाई फाइदा पुगेको देखिन्छ ।

तर देशको जनताको जीवनस्तरमा परिवर्तन भने भएको छैन । यथोचित सामाजिक र आर्थिक परिवर्तन पनि भएको छैन । परिवर्तन भएको छ भने त्यो परिवर्तनः राजनीतिक पार्टी खोल्ने त्यो पार्टीको प्रमुख ब्यक्ति र त्यस पार्टीका वरिपरि घुम्ने मानिसहरुमा चै परिवर्तन आएको छ । उनिहरुका छोराछोरी विदेश पढ्न जान पाएका छन् । कोही बेलायतको कोटामा कोही अमेरिकाको कोटामा कोही चीनको कोटामा कोही अन्य देशको पार्टीको सिफारिसमा राजनीतिक पार्टीहरुकै अगुवाइमा यस्ता काम भइनै रहेका छन् ।

त्यसकारण संविधान फेरेर सरकार फेरेर सत्ता परिवर्तन गरेर मात्र विकास हुँदो रहेनछ । जनताले सुख पाउदा रहेनछन् । स्थाइत्व पनि हुँदो रहेनछ । पछिल्लो ६ वर्षको गणतन्त्रसहितको संविधानले यही देखाएको छ ।

यति बेला सर्वसाधरण जनताहरु खुशी भएको देखिदैन । बरु सरकारको वरिपरि घुमेर फाइदा उठाउने बिचौलिया, तस्कर, माफिया, र नेपालको भविष्यलाई अन्धकारतिर धकेल्ने तत्वहरु खुशी भएकै होलान् । जसले मेहनत बिना अस्वभाविक रकम प्राप्त गर्छन् उनीहरुलाई कुनै महँगीले पीड महसुस गराउदैन ।

तर सर्वसाधरणः जसले आफ्नो मेहनतको पसिना बगाएर समृद्ध जीवन र स्वाभिमानी बन्न चाहान्छ उनिहरुलाई सधैं महँगी, अभाव र तनावले सताइएको देखिन्छ । यो दुसित र धमिलो राजनीतिक अवस्थाः आज मात्र नभएर झण्डै सताब्दीकै निरन्तरताको रुपमा रहेको छ । प्रत्येक वर्ष महँगी बढ्दो छ । कहिलेकाही छिन भरमै बजार भाउ बढ्ने गरेको छ । यसरी दैनिक काम गरेर जीवन यापन गर्ने सर्वसाधरणहरुको लागि त्यो छिनभरमै बढ्ने महँगीले अत्यास लगाउने गरेको छ । त्यसकारण संविधान जारी भएको ६ बर्षसम्म पनि जनताहरुमा खुशी फर्किएको छैन । भलै एक नेपालीले अर्को नेपालीलाई क्रान्ति, राजनीति र देश विकासको नाममा मारेको चै एक दशक भयो देख्नु परेको छैन । यो चै राम्रो नै मान्नुपर्छ ।

केही आशिंक राम्रो पक्ष भएपनिः स्थानीय तह, प्रदेश सकार र संघीय सरकारलाई तीन किसिमको कर तिर्नु पर्दाको झनझटले ससाना ब्यवसाय गरिरहेका मानिसहरुलाई उल्टै विभिन्न खालका झन्झटको सिर्जना गरेर दुःखी बनाउने काम यहि ब्यवस्थाले गरेको छ ।

नेपालमा द्वन्द्वको लामो श्रृखलाले सताइएका नेपालीहरुलाई पछिल्लो समय महाभूकम्प, भारतीय नाकाबन्दी, कोभिडको महामारी, तीब्र सरकार परिवर्तनले, अनुशासनहीन राजनीतिक द्वन्द्व र विदेशी चलखेलले नेपाली नागरिकहरुलाई अवरोध पुर्‍याउदै आइरहेको छ । सामान्य मानिसहरुको जीवन यापनमा समस्या पर्न थालिसकेको छ । तर महँगी नियन्त्रण हुन सकिरहेको छैन । जनताको आम्दानीको स्रोत बढ्न सकिरहेको छैन । ति महलमा बस्ने नेता र उनकै वरिवरि घुम्नेहरुलाई त्यसको खासै असर परेको देख्न सकिदैन । तर सर्वसाधरणको लागि वर्तमान राजनीतिक खिचातानी, आर्थिक अभाव, महँगी र तनावले सार्वसाधारणलाई न मर्नु र न बाँच्नुको अवस्थामा पुर्‍याएको छ ।

कोभिडपछि प्रशस्त पैसा कमाएका र नेटको प्रयोग गरी काम गर्न सक्नेहरुको लागि केही सहज पनि भएको देख्न सकिन्छ । तर दैनिक श्रम गरि खानु पर्ने र भौतिक रुपमै फिल्डमा गएर खट्नु पर्ने मानिसहरुको जीवन भने काहाली लाग्दो नै बन्दै गएको देखिन्छ ।

कोभिडका कारण विभिन्न हल्ला फिजाउँदै सरकार विदेशी संघ/सस्थाको निर्देशन पालनामा पनि लागेको छ । जनताहरु रोजगार विहिन भएर बस्नु परेको छ ।

जनताको यस्तो दयनीय अवस्थामाः सरकारका मातहतका केही मानिस जम्मा भएर गरिएको संविधान दिवसले नेपालीहरुको मनोभावनामा खासै खुशी ल्याएको देखिदैन । जनता नै खुशी पार्न नसक्ने ब्यवस्थालाई ब्यवहारमा नै फेर्न आवश्यक पो भएको हो की ?

# संस्कारविहीन राजनीतिक प्रवृत्ति

**डा. पुरुषोत्तम मरहट्टा**

‘उठ, जाग, लक्ष्य प्राप्त नभएसम्म नसुत’ भनेर कठोपनिषदले भनेको कुरा महाभारतको उद्योग पर्वले पनि उठ्नुपर्छ, जाग्नुपर्छ र कल्याणमय कार्यमा लागिरहनुपर्छ भनेर सिकाएको छ । गीताले त कर्मबिना शरीर निर्वाह नै हुन सक्दैन भनेको छ । यसले के देखाएको छ भने मानिसको शरीरको निर्वाहका लागि कर्म नगरी नहुने रहेछ । सबको हितका लागि मानिसले परिश्रमपूर्वक कर्म गर्नुपर्ने गीताको सार रहेको छ । प्रशस्तीको आश गर्नेले यो समाजमा केही गर्न सक्दैन । नेपालमा अहिले राजनीतिक दलका ठूला नेताहरूमा प्रशस्तीको आकाङ्क्षा चुलिएको छ । साधारण कार्यकर्ता तिनैको आदेश तामेली गर्दैछन् । अर्ती दिनेले आदेश शिरोपर नगर्नेलाई खेलाएर सिध्याउने परम्परा बसेको यस समाजमा दुर्भाग्यवश निकै लामो समयदेखि निर्वाचित प्रतिनिधिको नेतृत्व गर्ने पार्टीमा पनि पकड भएको नेताकै मात्र हालीमुहाली चलेको छ । कतिपय निर्वाचित सांसदहरू आफ्नो कार्यकाललाई अन्तिम क्षणको रूपमा बिताउन बाध्य छन् । राजनीतिमा मर्यादाले सीमा नाघ्न पुग्दा विधि मिच्ने परम्पराले हरक्षेत्र ध्वस्त बन्न पुगेको छ ।

जालझेल र षाडगुण्यको राजनीतिबाट प्रभावित भएर सदैव उपयोग गर्ने र गलत कदम चाल्न पुरानो मेकियाभेली शैली र चाणक्य नीतिलाई सूत्रबद्ध गर्न खोज्छन् । हरेक पार्टीभित्र असन्तोषको ज्वारभाटाले विद्रोहको स्थिति आउनुमा नेतृत्व पङ्क्तिमा देखिएको निरङ्कुश शैली नै हो । क्रान्तिकारी धारको रूपमा संसद्को सबैभन्दा ठूलो दल एमाले पार्टीभित्रको अन्तरविरोध समाधान गर्न नसकेपछि विधिवत रूपमा विभाजित भई नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) बन्न पुग्दा अब त्यो पार्टीले मूल पार्टीको अथाह सम्पत्तिमा दाबी गर्न पाउने कि नपाउने ? धनाढ्य पार्टीले आफ्नो आयको हिस्सा कोभिड-१९ ले ग्रसित नागरिकमा समर्पण गर्न सक्यो भने त्योजस्तो परोपकारी कार्य राजनीतिक दलका लागि अरू के नै हुन्छ । मुलुकको स्वार्थ र विकासमा धनाढ्य पार्टीले कोभिड-१९ महामारीमा मौज्दात खुला गरिदिएर जनताबाट स्यावासी लिने यही समय हो ।

पार्टीका नेता शक्तिशाली बन्दै गएको अवस्थामा जनताको प्रतिनिधित्व गर्ने सांसदहरू चाहिँ यति कमजोर बन्दै जानुको संयोग के होला ? बोलीको खेती गर्नेले भीडलाई मज्जैले हसाउन त सक्छ तर आफ्नै सहयोगीलाई यति तल्लोस्तरमा उत्रिएर गालीगलौज र आरोप-प्रत्यारोप गर्नु भनेको राजनीतिक संस्कार पटक्कै नहुनु हो । आफ्नै सहकर्मीप्रति भ्याकुरो खेदाइ हुनु लोकतन्त्रको सुन्दर पक्ष होइन । जुन बखत गालीगलौज गर्नेलाई आफ्नो गल्ती महसुस हुन्छ, त्यस्ता नेताप्रति सही सदीक्षा कसैको रहन्न । पार्टीलाई धारिलो बनाउनुपर्नेमा एकले अर्कोलाई सिध्याउने रणनीतिमा नेतृत्व पङ्क्ति लाग्दा हरेक दल भद्रगोल र बेथितिमा पुगेका छन् । आफैँ रेती र करौंती बन्दै जथाभावी मुख छाड्ने नेताकै कारण पार्टीमा नेताहरू सत्ता गुमेपछि बिलखबन्दमा परेका छन् । गुटगत प्रभाव र दबाब देखाउँदै आएका यस्ता नेतामा संस्कारभन्दा अहंकार धेरै देखिन थालेको छ । दलभित्र हरेक पार्टीमा विग्रह देखिएको छ । झन् त्यसमा ७० काटेका नेताहरूको वर्चस्व अधिक रहेको छ । उनीहरूमा सत्ता हस्तान्तरण गर्न कुनै रुचि छैन । युवापुस्ता गणेश प्रवृत्तिमै चुप छन् । लामो यात्रापछि कन्याङकुरुङले पनि विश्राम लिन्छन् । अपशोच हाम्रा दलका नेताहरू विश्राम होइन, सत्तामोहमै लिप्त छन् । सत्तामा त्यस्तो आकर्षण के रहेको छ, जसलाई उनीहरू छोड्न नै चाहँदैनन् ? सत्ताकै कारण एक वरिष्ठ नेता अर्को वरिष्ठलाई देख्न सक्दैनन् ? मौका र स्वार्थ मिल्दा मोर्चाबन्दी गरेर बस्नसमेत तयार हुन्छन् ।

रक्षात्मक अवस्थामा रहेर प्रतिपक्षमा बस्ने नेपाली काँग्रेसलाई हालका दिनमा सत्ताको नेतृत्व लिने जिम्मेवारी आएको छ । एमालेमै दुई चीरा बन्नु र माओवादीसँगको एकता अदालतको निर्णयपछि टुटेको स्थितिमा दुईतिहाईको दम्भ चकनाचुर बन्दै गएको अवस्थामा विगतलाई स्वर्णकाल सम्झनुबाहेक अब एमालेका लागि अर्को स्थिति देखिँदैन । पार्टीलाई सक्रिय बनाउनका लागि राजनीतिक दृष्टिकोण र सङ्गठनात्मक कौशलता अहिलेको आवश्यकता हो । चप्पल र सेतो धोतीमा रहने पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता वनर्जीलाई देख्ने नेपालीले कुनै समय दिनैपिच्छे कोट फेर्ने प्रधानमन्त्री पाउँदा खुसी हुनु स्वाभाविक नै हो । कोरोना महामारीमा विश्वलाई चकित पार्ने अदुवा, लसुन र बेसारको चमत्कार देखाउनेसँग गायत्रीको २४ अक्षरमा ज्ञान-विज्ञानको महान् भण्डार र आफूलाई महान् ज्ञाता देखाउने दम्भको भकारी नै छ । गाली पुराणमा आफ्नै सहयात्रीसमेतलाई बाँकी नराख्ने दलका नेताको हर्कत देख्दा लोकतन्त्रको कस्तो संस्कृति विकास हुन लाग्यो भन्ने आश्चर्यको विषय बन्न पुगेको छ । दिनदिनै शक्तिशाली बन्दै गएका राजनीतिक दलका नेताहरू पार्टी विभाजनपछि स्वयं किन कमजोर बन्दै गएका छन् ? किन राजनीतिक प्रतिस्पर्धीको देशभक्तिमाथि प्रश्न गरिन्छ । प्रतिस्पर्धी राजनीतिक दलका नेतामाथि सार्वजनिक स्थलमै विरोधको दोहोरीले तिनमा सद्बुद्धिको खोजी भइरहेको छ । त्यसैले हाम्रो संसद्बाट सबैले देशहित, जनहित र मानवहित खोजिरहेका छन् । सांसदसँग जनताले ठूलो आचरणको अपेक्षा राखेको हुन्छ । उनीहरूका क्रियाकलाप परोपकार, सेवा, अपरिग्रह र पारदर्शिताले जनता प्रभावित बन्न सकुन् । गान्धीले भनेजस्तो ‘मेरो जीवन नै मेरो सन्देश’ भनेर नेताले कुनै राम्रो सन्देश दिन सकेनन् भने जनताको प्रतिनिधि भएको के काम ? नेपालका प्रधानमन्त्रीमध्ये बीपी कोइरालालाई अपवादमा छोडेर त्यसपछिका प्रधानमन्त्रीले बल, बुद्धि र विद्याको सही सदुपयोग गरे वा गरेनन् ? नेताभित्र चतुरता, होसियारी, धुर्त्याइँ र हरफनमौला हुनु भनेको तेज दिमागले काम गर्न खोज्नु हो । दुईतिहाईको दम्भले के देखायो भने सत्तामा बस्नेमा विजित र दर्पदम्भितको भावना पैदा हुने रहेछ, जुन रसायनमा सत्ताको नशा मज्जैले घुलन हुने रहेछ ।

नेपालमा लोकतन्त्रवादी दलहरू कमजोर भएको अवस्थामा अस्थिरताको बीजारोपण हुने रहेछ । लोकतन्त्रका लागि लडेका हस्तीहरू माधव नेपाल र जसपाबाट अलग्गिएका महन्थ ठाकुर लामो समय दलविहीन बन्नु कुनै पनि दृष्टिकोणबाट उपयुक्त थिएन । संसद्लाई छलेर अध्यादेशबाट शासन गर्नु झन् लोकतान्त्रिक पद्धति त हुँदै होइन । अहिलेको शासन व्यवस्थालाई जनताप्रति उत्तरदायी बनाउन लोकतन्त्रमा विश्वास गर्न र अभ्यस्त बन्न सकेकाले मात्र मुलुकलाई गति दिन सक्छन् । लोकतन्त्र र संविधानलाई बलियो बनाउन सुधारको प्रयासमा नलाग्दा संसद्को चौथो ठूलो दल माधवकुमार नेपालले ओलीलाई एमाले निजी कम्पनी बनाएकै कारण विद्रोह गर्नुपरेको भन्नुपर्ने अवस्था आउने थिएन । तमसुकमा लेखिएअनुसार कारणीले असुलउपर नगर्ने प्रश्न आएन । दल विभाजन भइसकेपछि अब छुट्टिएकाहरूसँग पुनर्मिलनको आशा राख्नु बेकार हो । लोकतन्त्र खुला व्यवस्था भएकोले नेताहरूमाथि प्रश्नको खुला वर्षा हुनसक्छ ।


भारतमा पनि प्रधानमन्त्री मोदीलाई स्कुले विद्यार्थीले तपाईंको फेसन डिजाइनर को हो भनेर सोध्न सक्छन् ? धन्न नेपालका पूर्वप्रधानमन्त्रीलाई यहाँका विद्यार्थीले तपाई दिनदिनै नयाँनयाँ कोट किन फेर्नु हुन्छ ? भनेर कहिल्यै प्रश्न गरेनन् । तर अहिलेको समयमा राजनीति भनेको लामखुट्टे ओइरिएजस्तो धनको वर्षा गर्ने समय र पेसा बनेको छ । सिद्धान्त, विचार र निष्ठाको दिशानिर्देश गर्नेतर्फ कोही लागेका छैनन् । सबै दलमा अहिले एक किसिमको समस्या सिर्जना भइरहेको छ । समस्यालाई बढाउने दलका नेताहरू समाधानतर्फ कत्ति पनि लागेका देखिँदैनन् । नेपालको लोकतन्त्र अबका दिनमा पनि प्रयोग र परीक्षणमै गुज्रिरहेको छ ।

हामीकहाँ हरक्षेत्र कोभिड-१९ ले तहसनहस बन्दै गएको छ । लोकतान्त्रिक व्यवस्थाका सरकार सत्तामा पुगेपछि धृतराष्ट्र आलिङ्गन परिपाटीले अस्तव्यस्त बन्दै गएको देखिन्छ । जीवन र जीविकामा सरकार निरन्तर लाग्नुपर्नेमा अझै लोकतन्त्रमाथि खतराको बादल मडारिइरहेको छ । लोकतन्त्रलाई अधिनायकवादले विस्थापन गर्ने त होइन भन्ने चिन्ता जनतामै सीमित रहेको छ । लोकतन्त्रका आधारस्तम्भ कमजोर भइरहेको वर्तमान अवस्थामा जीजीविषा बोकेका नागरिक सदैव यो धरतीलाई स्वर्गादपि गरीयसी बनाउनेतर्फ लागेकै छन् । दलीय भागवण्डा र टुटफुटले गर्दा मार्क्सलाई विशाल जनसमुदायको विभाजन गरेजस्तै नेपालमा पनि विचारधारा र वादमा नागरिकहरू विभाजित भएजस्तै यो दल विभाजनले देखाएको छ । हरेक पार्टीमा जुट्ने र फुट्ने विचारको द्वन्द्व छ । विभाजनले नेतृत्वमा के कस्तो परिवर्तन छोडेर जान्छ, त्यसलाई हेर्न आगामी निर्वाचन नै पर्खनुपर्छ । व्यक्तिगत गालीगलौजले राजनीतिक संस्कृति र संस्कारको विकास भएको देखाउन भने सक्दैन । सबैले राजनीतिक विचारको परिपक्वता देखाउने समय हो यो । गोरखापत्र

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :




१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणाहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :




१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

*“सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।”*
उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# नेपालको ऐतिहासिक जित

काठमाडौं । आईसीसी विश्वकप क्रिकेट लिग २ अन्तर्गतको त्रिकोणात्मक एकदिवसीय अन्तर्राष्ट्रिय सिरिजको अन्तिम खेलमा नेपालले ओमनलाई सात विकेटले पराजित गर्दै ऐतिहासिक जित दर्ता गराएको छ । ओमनको अल अमिरात क्रिकेट मैदानमा जितको लागि १२२ रनको सामान्य विजयी लक्ष्य पछ्याएको नेपालले १८ दशमलव २ ओभरमा तीन विकेट गुमाएको थियो । एकदिवसीय क्रिकेटमा नेपालले ओमनलाई पहिलो पटक पराजित गरेको हो ।

नेपालको जितमा कप्तान ज्ञानेन्द्र मल्लले सर्वाधिक ५२ रनको योगदान दिए । उनले ४६ बलमा ४ चौका र २ छक्कासहित ५२ रनको योगदान दिएका हुन् । युवा ओपनर आसिफ शेख ४४ बलमा ७ चौका सहित ४० रनमा अविजित रहे । नेपाललाई सहज जित दिलाउन आसिफ र ज्ञानेन्द्रले दोस्रो विकेटका लागि ९५ रनको कीर्तिमानी साझेदारी गरे । ओपनर आसिफ शेख र कुशल भुर्तेलले पहिलो विकेटका लागि १६ रनको साझेदारी गरेका थिए । कुसल ६ रनमा बाहिरिँदा रोहितकुमार पौडेल पनि ६ रनमा नै आउट भए । त्यस्तै शरद् भेषावकर विजयी रन बटुल्दै एक रनमा अविजित रहे ।


मणि सुनुवार

ओमानका नेस्टर धाम्बाले २ तथा कालिमउल्लाहले १ विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको ओमनले ३७ ओभर दशमलव १ ओभरमा सबै विकेट गुमाउँदै १२१ रनमा समेटिएको थियो । ओमनका लागि कप्तान जिशान मक्सुदले सर्वाधिक ४१ रन बनाए । उनले ६६ बलमा २ चौका र १ छक्कासहित सर्वाधिक ४१ रनको योगदान दिएका हुन् । यस्तै जतिन्दर सिंहले १३ रन जोड्दा नसिम खुशी १२ रनमा आउट भए । सन्दीप गौडले ८ तथा आयन खानले ७ रन जोड्दा सुफ्यान मेहमुद र मोहमद नदीमले ४/४ रन जोडे । कालिमउल्लाह ११ रनमा अविजित रहदाँ बिलाल खानले ९ रन बनाए ।

ओमानलाई सस्तैमा समेट्नेक्रममा तीव्र गतिका बलर करण केसी र स्पिनर सन्दीप लामिछानेले उत्कृष्ट बलिङ गरे । करण र सन्दीपले ४/४ विकेट लिए भने शरद भेषवाकरले २ विकेट लिए । सन्दीपले ८.१ ओभरमा २ मेडनसहित १८ रन खर्चेर ४ विकेट लिएका हुन । त्यस्तै करणले ८ ओभरमा १ मेडनसहित २५ रन खर्चेर ४ विकेट लिन सफल भए ।

शरद्ले ६ ओभरमा १ मेडनसहित २१ रन खर्चेर २ विकेट लिएका हुन् । यस जितसँगै नेपालले सिरिजको सुखद् अन्त्य गरेको छ । सिरिजमा नेपालले खेलेको ४ खेलमा २ जित र २ हार व्यहोरे । सिरिजको पहिलो खेलमा नेपालले अमेरिकालाई ५ विकेटले हराएको थियो भने दोस्रो खेलमा नेपाल ओमनसँग ५ विकेटले पराजित भएको थियो । यस्तै तेस्रो खेलमा नेपाल अमेरिकासँग ६ विकेटले पराजित भएको थियो ।

ओमानलाई हराएपछि नेपाल लिग(२ को चौथो स्थानमा उक्लिएको छ । नेपालले ८ खेलमा ८ अङ्क जोडेको छ । ओमन १३ खेलमा २० अङ्क जोडेर शीर्ष स्थानमा रहेको छ । अमेरिका १५ खेलमा १४ अङ्क जोडेर दोस्रो स्थानमा रहेको छ । नामिबिया ७ खेलमा ८ अङ्कसहित पाँचौं स्थानमा छ । युएई ७ खेलमा ७ अङ्क जोड्दै छैटौं स्थानमा छ । पपुवा न्युगिनी ८ खेलमा नै हारका साथ अङ्क विहीन हुँदै अन्तिम स्थानमा छ ।

# धावक धर्मले बर्लिन म्याराथुन खेल्ने

काठमाडौं । नेपाली धावक धर्म महर्जनले विश्व प्रसिद्ध म्याराथनमध्येको एक बर्लिन म्याराथनमा सहभागिता जनाउने भएका छन् । उनी बिहीबार त्यसतर्फ प्रस्थान गर्दै छन् ।

वैकुण्ठ मानन्धर खेलकुद नेपाल र गजराज जोशी मेमोरियल ट्रस्टले संयुक्त कार्यक्रम आयोजना गरी उनलाई अखिल नेपाल फुटबल संघका पूर्वअध्यक्ष गणेश थापा, दक्षिण एसियाली खेलकुद (साग) का कीर्तिमानी म्याराथन धावक वैकुण्ठ मानन्धर, पूर्वधावक एवं गीतकार बुद्धिवीर लामा, ट्रस्टका अध्यक्ष मनीषराज जोशीलगायतले बिदाइ गरे ।

महर्जनले सेप्टेम्बर २६ तारिखमा हुने बर्लिन म्याराथन (४२.१९५ किलोमिटर) मा प्रतिस्पर्धा गर्नेछन् । महर्जन सहभागी हुने ४५ वर्षमाथिको उमेरसमूहको म्याराथनमा करिब १० हजार धावकको सहभागिता रहने बताइएको छ । महर्जनको यो समग्रमा नवौं अन्तर्राष्ट्रिय सहभागिता हो ।

यसअघि उनले अमेरिका, थाइल्यान्ड, जापान, नेदरल्यान्ड र चीनमा विभिन्न दूरीको दौडमा सहभागिता जनाइसकेका छन् । त्यसमा जापानमा भएको १८औं एसियाली मास्टर्स च्याम्पियनसिपमा महर्जनले कांस्य जितेका थिए । जुन उनको करियरकै सबैभन्दा ठूलो उपलब्धि हो । महर्जनले तीन राष्ट्रिय एथलेटिक्स प्रतियोगिताको फुल म्याराथनतर्फ सहभागिता जनाइसकेका छन् ।

उनको सहभागिताका लागि कीर्तिपुर नगरपालिकाले ५० हजार, कीर्तिपुर खेलकुद समाजले २१ हजारसहित व्यक्तिगत रूपमा पनि सहयोग प्राप्त भएको



जानकारी दिए । बिदाइ कार्यक्रममा पूर्वअध्यक्ष थापाले २५ हजार तथा ट्रस्टका अध्यक्ष जोशीले ५ हजार आर्थिक सहयोग उपलब्ध गराए । वैकुण्ठ मानन्धर खेलकुद नेपालले पनि महर्जनलाई आर्थिक सहयोग प्रदान गरेको थियो । ट्रस्टका अध्यक्ष जोशीले महर्जनले उत्कृष्ट प्रदर्शन गरेको खण्डमा नगद पुरस्कारसहित पुरस्कृत गर्ने प्रतिबद्धता जनाए ।

# सनिल शाहीलाई सफलता

आइतबा पुरुष विश्व बक्सिङका लागि सञ्चालित खुला छनोट अन्तर्गत ६७ केजीमा प्रतिस्पर्धा गर्दै सनिल शाही (रातो) र दावा छिरिङ लामा । काठमाडौं । ललितपुरका सनिल शाही आइबा पुरुष विश्व बक्सिङ च्याम्पियनसिपका लागि सञ्चालित खुला छनोट प्रतियोगिताको ६७ केजीमा सोमबार पहिलो भएका छन् ।




नेपाल बक्सिङ संघद्वारा आयोजित प्रतियोगिताको फाइनलमा १३ औं दक्षिण एसियाली खेलकुद (साग) का स्वर्ण विजेता सनिलले बक्समान्डुका दावा छिरिङ लामालाई ५–० ले पराजित गरे ।

यससँगै छनोट प्रतियोगिता सम्पन्न भएको छ । प्रतियोगितामा ५ स्पर्धामा ३२ खेलाडी सहभागी थिए । चार स्पर्धाको फाइनल आइतबारै सकिएको थियो । सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा भएको प्रतियोगिताको ५१ केजीमा एचटुओका रविन थापा, ५७ केजीमा एपीएफका पूरन राई, ६३ केजीमा १३ औं सागका स्वर्णधारी नेपाल प्रहरीका भुपेन्द्र थापा मगर र ७१ केजीमा एपीएफका विकास लामा आ–आफ्नो प्रतिद्वन्द्वीलाई हराउँदै पहिलो भएका थिए ।

विश्व च्याम्पियनसिपका लागि बक्सिङ संघले गठन गरेको छनोट समितिले यी पाँचमध्ये उत्कृष्टताका आधारमा खेलाडी छनोट गर्ने नेपाल बक्सिङ संघका अध्यक्ष राम अवालेले जनाएका छन् । विश्व च्याम्पियनसिप सर्बियाको बेलग्रेडमा अक्टोबर २५ देखि नोभेम्बर ६ तारिखसम्म सञ्चालन हुने छ ।

# कीर्तिपुरमा बास्केटबल सम्पन्न

कीर्तिपुर नगरव्यापी बास्केटबल प्रतियोगिताको नवौं श्रृंखलामा पुरुषतर्फ वडा नम्बरमा १० (क) र महिलातर्फ वडा नम्बर ४ समूह विजयी भएका छन् । शनिबार राति कभर्ड हलमा सम्पन्न प्रतिस्पर्धात्मक फाइनल खेलमा वडा नम्बर ८ र वडा नम्बर ६ लाई हराएर विजयी भएका हुन् । कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन र उपमेयर सरस्वती खड्काले विजयी दुवै समूहलाई ट्रफिसहित नगद दशहजार रुपियाँ प्रदान गर्नुभएको थियो । उपविजेता समूहलाई ट्रफिसहित नगद सातहजार रुपियाँ प्रदान गरिएको थियो ।




# बाह्र बुँदे घोषणापत्र जारी सम्पन्न भयो, महासङ्घको एशोसिएट सम्मेलन

बनेपा । नेपाल पत्रकार महासङ्घ एशोसिएट प्रदेशको दुई दिने 'प्रथम राष्ट्रिय सम्मेलन' १२ बुँदे घोषणपत्र जारी गर्दै सम्पन्न भएको छ । प्रदेश समितिले प्रेस स्वतन्त्रता, श्रमजीवीको पेशागत मुद्दा, पत्रकारिताको मर्यादा र गरिमा कायम राख्न पत्रकार स्वयं सचेत, सजग र जिम्मेवार हुनुपर्ने र विधागत रुपमा सक्रिय सञ्चारकर्मीलाई संस्थागत सहभागितालाई प्रोत्साहन गर्नुपर्नेलगायत विषयलाई उठाएको छ ।

सम्मेलनले कानुनमा रहेका प्रेस स्वतन्त्रता विरोधी प्रावधान संशोधन गर्न माग गर्ने, विद्युतीय कारोबार ऐनको दफा ४७ मा रहेको प्रावधान प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता विरोधी भएकाले सो दफा तत्काल संशोधन गर्न माग गरेको छ । त्यसैगरी सञ्चारकर्मीको समस्यामा सहजीकरण र आचारसंहिता पालनामा अभिभावकीय भूमिका निभाउनुपर्ने नेपाल प्रेस काउन्सिल नियन्त्रणमुखी बन्दै गएकाले महासङ्घका तर्फबाट काउन्सिलमा प्रतिनिधित्व हुने भएकाले यस पक्षमा काउन्सिललाई सच्याउन नेतृत्वदायी भूमिका निर्वाह गर्न महासङ्घको ध्यानाकर्षण गराउने घोषणापत्रमा उल्लेख गरिएको छ ।

महासङ्घ श्रमजीवी सञ्चारकर्मीको छाता सङ्गठन भएकाले श्रमजीवीको पेशागत मुद्दाको सम्बोधनको दायित्व पनि यसैको भएकाले श्रमसम्बन्धी कानुनी प्रावधान र सञ्चालक र श्रमजीवीबीच हुनसक्ने वैधानिक छलफल, आन्दोलन र सहमतिका लागि श्रम ऐनअनुसार दर्ता भएको संस्थाले कानुनी वैधता र अधिकार पाउने तर महासङ्घ श्रम ऐनअनुसार दर्ता भएको संस्था नभएकाले केवल दबाव समूहको रुपमा मात्र काम गर्न बाध्य भएको विश्लेषण गरिएको छ ।

श्रमजीवी सञ्चारकर्मीको श्रमसम्बन्धी मुद्दालाई कानुनी रुपमै उठाउन महासङ्घ श्रम ऐनअन्तर्गत दर्ता हुन यो राष्ट्रिय सम्मेलन माग गर्ने र पत्रकार महासङ्घको विधानअनुसार संरचना महासङ्घीय अवधारणाअनुसार नभएकाले विधान संशोधनमार्फत पूर्ण महासङ्घीय अवधारणा कार्यान्वयनमा ल्याउन विधान अधिवेशनमा विधान संशोधन प्रस्ताव लैजाने निर्णय गरेको छ ।

महासङ्घको विधानलाई परिमार्जन गरेर भौगोलिक, प्रतिष्ठानसँगै एशोसिएट संस्थाको नेतृत्वको अवसरको सुनिश्चितता र अवसर निर्माणमा महासङ्घ उद्धार हुन आवश्यक देखिएकाले यसका लागि अहिले विद्यमान नेतृत्व संरचनामा एशोसिएट उपाध्यक्षको प्रतिनिधित्व गराउनुपर्ने घोषणापत्रमा उल्लेख गरिएको छ । एशोसिएट संस्थाका प्रतिनिधिको नेतृत्व विकास तथा मुद्दामा नीतिगत नेतृत्वका लागि एशोसिएटका प्रतिनिधिबाट केन्द्रीय सदस्य र सचिवसँगै उपाध्यक्ष, पदमा उम्मेदवारी हुने र एशोसिएटकै प्रतिनिधिको मतले निर्वाचित हुने व्यवस्था गर्न सम्मेलनले माग गरेको छ । त्यसैगरी पत्रकारिताको मर्यादा र गरिमा कायम राख्न पत्रकार स्वयं सचेत, सजग र जिम्मेवार हुनु आवश्यक रहेकाले राजनीतिक दलमा प्रत्यक्ष आबद्धता महासङ्घको विधान कठोर भए पनि व्यवहार भने नरम देखिएकाले औपचारिक रुपमा राजनीतिक दलमा आबद्ध भएका र राजनीतिक नियुक्ति लिएका सदस्यलाई ससम्मान बिदाइलाई कडाइका साथ कार्यान्वय गर्नुपर्नेमा जोड दिइएको छ ।

पत्रकार महासङ्घसँग आबद्ध संस्थाको सङ्ख्या १२ पुगेको र महासङ्घमा जबसम्म विधागत संस्थाको सङ्ख्या बढ्न सक्दैन तबसम्म महासङ्घलाई पूर्ण महासङ्घीय अवधारणामा लैजाने विषयमा एशोसिएट कमजोर हुने सम्मेलनले निस्कर्ष निकालेको छ । व्यावसायिक पत्रकारितामा विधागत रुपमा सक्रिय सञ्चारकर्मीलाई संस्थागत सहभागितालाई प्रोत्साहन गर्ने तथा विधागत रुपमा सक्रिय संस्थालाई महासङ्घमा आबद्ध हुन प्रोत्साहित गर्न पहल गर्नुपर्ने कुरालाई जोडदारका साथ उठाएको छ । पत्रकारको क्षमता विकास र व्यावसायिक पत्रकारिताको विकास गर्न महासङ्घ आबद्ध पत्रकारलाई आवश्यकता र औचित्यको आधारमा निरन्तर पत्रकारिता तालिम सञ्चालन गर्नुपर्नेलगायत विषयलाई ध्यानमा राखेको छ ।

# कांग्रेस नगर सभापतिमा नौ आकांक्षी

वडा तहको अधिवेशन पछि नेपाली कांग्रेस अब स्थानीय तहको अधिवेशनमा जुटेको छ । कांग्रेसले आगामी असोज ९ गते देशभरका स्थानीय तहको अधिवेशनको मिति तोकेको छ । यसअघि भदौ २७ गते पालिकाको अधिवेशन हुने भनिए पनि अन्तिम समयमा आएर मिति परिवर्तन भएको थियो ।

पालिकाको अधिवेशन नजिकिएसँगै स्थानीय राजनीति पनि तात्न थालेको छ । यतिबेला जिल्लाका चिया पसल र चोक चोकमा व्यास नगर समितिको अधिवेशनको चर्चा चल्न थालेको छ ।वडाको अधिवेशनबाट निर्वाचित क्षेत्रीय प्रतिनिधि र वडा सभापतिले स्थानीय तहको नेतृत्व चयन गर्न पाउने भएकाले उम्मेदवारहरु क्षेत्रीय प्रतिनिधिको जोड घटाउमा लागेका हुन् । हरेक उम्मेदवारले आफ्ना पक्षका प्रतिनिधि गन्न थालेका छन् । अधिवेशन नजिकिएसँगै नगर सभापतिका उम्मेदवार पनि बढ्दै हालसम्म नौ जनाले उम्मेदवारी घोषणा गरेका छन् । व्यास नगर समितिका सचिव मोहनकुमार श्रेष्ठ, अर्का नगर सचिव चुडामणि दाहाल, नगर सहसचिव डम्बर अधिकारी, ट्रेड युनियन कांग्रेसका अध्यक्ष सूर्यचन्द्र हड्खले, नेपाल उद्योग वाणिज्य सङ्घका केन्द्रीय सदस्य देवकुमार श्रेष्ठ, वडा नं १० का वडाध्यक्ष तुलसीराम सापकोटा, इञ्जिनीयर हरिदत्त पौडेल, डा शेषरमण र व्यवसायी वैकुण्ठनाथ मिश्रले उम्मेदवारी घोषणा गर्नुभएको छ । सभापतिका उम्मेदवार श्रेष्ठले अब नेपाली कांग्रेसमा युवा पुस्ता नेतृत्वमा आउनुपर्ने भन्दै युवाको प्रतिनिधित्व गर्दै आफूले उम्मेदवारी घोषणा गरेको बताउनुभयो । दुई कार्यकाल सचिव भइसकेकाले सभापतिमा मेरो उम्मेदवारी स्वभाविक हो, उहाँले भन्नुभयो । अर्का आकाङ्क्षी दाहालले व्यास नगर समितिलाई हालकोभन्दा अझ व्यवस्थितरुपमा सञ्चालन गर्ने, क्रियाशील सदस्यता वितरण तथा अभिलेखलाई विद्युतीकरण गर्ने, विकास निर्माणका योजना छनोट गरी नगरपालिकामा सिफारिस गर्ने तथा अग्रज नेताको सम्मान र युवा पुस्ताको मूल्याङ्कन गरी पार्टी सञ्चालन गर्ने आफ्नो योजना रहेको बताउनुभयो । त्यस्तै अधिकारीले आफू निर्वाचित भए यस नगरपालिकाको १४ वटै वडामा व्यवस्थित ढङ्गले पार्टी कार्यालय सञ्चालन गर्ने, पार्टी सङ्गठन सुदृढीकरणका लागि प्रत्येक वडामा प्रशिक्षण कार्यक्रम आयोजना गर्ने, पार्टी सङ्गठन बाँकी ६ पृष्ठमा

## दशैंमा आइएमई डबलको डबल अफर सार्वजनिक

काठमाडौं । आइएमईले पर्व लक्षित दसैंमा डबलको डबलको डबल अफर सार्वजनिक गरेको छ । असोज १ देखि कार्तिक २६ (तद्अनुसार सेप्टेम्बर १७ देखि नोभेम्बर १२, २०२१) सम्म कायम हुनेगरि कूल ५७ दिनका लागि सेवाग्राहीमूखी उक्त अफर विहीबार पानी पोखरीस्थित आइएमई केन्द्रीय कार्यालयमा आयोजित एक विशेष कार्यक्रमका वीच सार्वजनिक गरिएको हो ।

अफर अनुसार विदेशबाट पठाइएको रकम आइएमईका ३५,००० भन्दा बढी एजेन्टहरु वा आइएमई पे मोबाइल वालेटमा प्राप्त गर्दा वा बैंक ट्रान्सफर गर्दा हरेक हप्ता दुई (२) जनालाई पठाएको रकमको डबल (दुई गुणा), हरेक महिना दुई (२) जना भाग्यशाली सेवाग्राहीहरुलाई पठाएको रकमको डबलको डबल (चौगुणा) तथा बम्परमा एक (१) जना भाग्यशाली सेवाग्राहीलाई पठाएको रकमको डबलको डबलको डबल (आठगुणा) सम्म रकम पुरस्कार स्वरूप प्रदान गरिनेछ । साथै आइएमई पे मा रकम प्राप्त गर्दा रु २०० थप बोनसको व्यवस्था मिलाईएको आइएमईले जनाएको छ ।

उक्त अफर सार्वजनिक कार्यक्रममा संक्षिप्त मन्तब्य व्यक्त गर्दै आइएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेलले आइएमई प्रति आम




सेवाग्राहीहरूले देखाउँदै आउनुभएको भरोसालाई आगामी दिनमा अझै सुदृढ तुल्याउने प्रतिवद्धता व्यक्त गर्दै समयसमयमा ल्याइने यस्ता अफरहरू कम्पनी र सेवाग्राहीवीचको सम्बन्धलाई अझै मजबुत बनाउन फलदायी हुने विश्वास व्यक्त गर्नुभयो ।

आइएमईका महाप्रवन्धकद्वय खिलेन्द्र पौडेल र रूद्रराज पौडेलले अफरको विषयमा प्रकाश पार्दै कम्पनीले समयसमयमा प्रस्तुत गर्ने अफरहरूलाई आम सेवाग्राहीहरूको पहुँचसम्म पुर्‍याउन व्यावसायिक साझेदारहरूको महत्त्वपूर्ण भूमिका हुने जनाउनुभयो । त्यस्तै आइएमईका ब्राण्ड एम्बासडरद्वय दीपकराज गिरी र दीपा श्री निरौलाले आइएमईले व्यवसायका अतिरिक्त सामाजिक क्षेत्रमा पनि महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएको उल्लेख गर्दै गत वर्ष कोरोना महामारीका समयमा आइएमईले संचालन गरेको भरोसा कोषको स्मरण गर्नुभयो ।

## लक्ष्मी बैंकको १३७ औं शाखा इटहरीको पकलीमा

काठमाडौं । लक्ष्मीबैंकले शाखा संजाल विस्तार गर्ने क्रममा १३७ औं शाखा सुनसरी जिल्लाको ईटहरी उपमहानगरपालिका वडा न. १६ कोपकलीमा संचालनमा ल्याएको छ । ईटहरीको भाटभटेनी सुपरमार्केट परिसर भित्र रहेको यो शाखा मार्फत बैंकले ग्राहकहरुको वित्तीय आवश्यकता पुरा गर्न आवश्यक सम्पूर्ण रिटेल बैकिंग सेवाका साथै साना तथा लघु व्यवसायीहरु माझ वित्तीय पहुँच पुर्‍याउने लक्ष्य राखेको छ ।




यस नयाँ शाखाको शुरुवात सँगै लक्ष्मी बैंकको शाखा संजाल ४९ जिल्लामा १३७ शाखा, ७ एक्सटेन्सन काउन्टर र ५ हस्पिटल सेवा काउन्टर, १६७ एटिएम, २५०० भन्दा बढि रेमिटेन्स् एजेन्ट तथा ६३ शाखा रहित बैंकिङ्ग एजेन्टहरु पुगेको छ । यो शाखाको साथलक्ष्मी बैंकले आफ्नो सेवा अझ सुदृढ अनि व्यापक बनाउने विश्वास राखेको छ । सुविधाजनक बचत खाता योजना, मुद्दती निक्षेप योजना, घर तथा सवारी कर्जा, साना व्यवसायी कर्जा, लघुवित्त, लगायतका वित्तीय सेवाहरुको बढ्दो मागलाई पुरा गर्न बैंकले नया ँतथा वित्तीय पहुँच नपुगेका क्षेत्रहरुमा आक्रामक रुपमा आफनो शाखा सेवा विस्तार गर्दै आएको छ । शाखाको विस्तार सँगै बैंकले ग्राहकहरुलाई उनीहरुकै रोजाईको माध्यम अर्थात शाखा कार्यालय, इन्टरनेट बैंकिङ्ग र मोवाईल फोन मार्फत बैंकिङ्ग सेवाप्रादन गरी शहरी तथा अर्ध शहरी क्षेत्रमा आफ्नो ब्राण्ड तथा ग्राहक अनुभवलाई अझ सशक्त पार्ने नीति अनुरुप महत्वपूर्ण फड्को मार्ने विश्वास लिएको बैकले जनाउदै आएको छ ।

## कामना सेवाले ल्यायो एनआरएन बचत खाता

वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक तथा नेपालस्थित तिनका परिवारजनका लागि कामना सेवा विकास बैंकले नयाँ एनआरएन बचत खाता सञ्चालनमा ल्याएको छ । बैंकले ७ प्रतिशतको उच्चतम ब्याजदरसहितको यस खातामा प्रथम वर्ष निःशुल्क मोबाइल तथा इन्टरनेट बैंकिङ सुविधा पनि उपलब्ध गराउनेछ । विदेशमा रहेका नेपाली नागरिकले रेमिट्यान्स तथा बैंकिङ प्रणालीबाट नेपालमा आफ्नो परिवारलाई पठाएको पैसालाई यो खातामा जम्मा गर्न सक्नेछन् । यसका साथै यस खातामार्फत खोलिने मुद्दति निक्षेपमा ०.५ प्रतिशत थप ब्याज उपलब्ध गराइने बैंकले जनाएको छ । यो खाता अनलाइन माध्यमबाट पनि खोल्न सकिनेछ । काठमाण्डौको ज्ञानेश्वरमा केन्द्रीय कार्यालय रहेको कामना सेवाले देशका विभिन्न भागमा १२९ वटा शाखा, एउटा विस्तारित शाखा र ७६ वटा एटीएममार्फत ग्राहकलाई बैंकिङ सेवा तथा सुविधा प्रदान गर्दै आएको छ । बैंकले सोसल मिडिया बैंकिङ, केएस आईमोबाइलजस्ता विभिन्न डिजिटल माध्यमहरुबाट समेत ग्राहकलाई सरल, सहज र उत्कृष्ट बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ ।

## मञ्जुश्री फाईनान्सको एकैपटक ३ शाखा उद्घाटन

काठमाडौ । मञ्जुश्री फाईनान्स लिमिटेडले सुनसरी जिल्लाको ईनरुवा, झुम्कावजार, र मोरङ्ग जिल्लाको विराटचोक शाखाको कारोबार शुरु गरेको छ ।

मञ्जुश्री फाईनान्स लिमिटेड को सञ्चालक समितिका अध्यक्ष र सञ्चालक



समिति सदस्यहरु ले शाखा कार्यालयको उद्धाटन गरेका हुन् । काठमाडौंको नयाँ बानेश्वरमा मुख्य कार्यालय रहेको मञ्जु श्री फाईनान्सको योभन्दा अगाडि नारायणगढ, न्युरोड(काठमाडौं, पाल्पा रोड बुटवल, धनगढी, इटहरी, विराटनगर, नेपालगञ्ज, धरान, पोखरा, विरगञ्ज, मुर्गिया, योगिकुटि, मणिग्राम , भैरहवा, गैडाकोट, भरतपुर र पर्सा वजारमा गरी १८ वटा शाखा रहेका सञ्चालनमा छन् थप ३ शाखा थपेपछि २१ शाखा कार्यालय पुगेको फाइनान्सले जनाएको जनाएको छ । २०७८ साल अषाढ मसान्त सम्म रु. ९६ करोड ५३ लाख चुक्ता पुँजी एवं रु ५० करोड डिवेन्चर जारी गरेको राष्ट्रिय स्तरको मञ्जु श्रीले रु ८.९१ अर्व निक्षेप संकलन गरि रु ७.९५ अर्व कर्जा परिचालन गरेको छ ।

यसका साथै यस फाईनान्सले विप्रेशण, मोवाइल बैकिंग, इन्टरनेट बैकिंग र ब्ः सेवा लगायत सरल कर्जा र निक्षेपमा आकर्षक ब्याजदरको सुविधा दिंदै आएको छ ।

## गरिमा विकास बैंकका ग्राहकलाई 'आगन्तुक रिर्सोट'मा छुट

काठमाडौ । पर्यटकिय गन्तव्य बनेपामा रहेको 'आगन्तुक रिर्सोट'सँग गरिमा विकास बैंकले सम्झौता गरी आफ्ना ग्रहकलाई सुविधा दिने गरी काम थालेको छ । विभिन्न सेवा सुविधामा ग्रहक प्रति संवेदशील हुदै आएको गरिमा बैकले बनेमाको आगान्तुक रिर्सोबटसँग सम्झौता गरी आर्कषक छुट सम्बन्धी सम्झौता




गरेको छ । बैंकले जारी गरेको विज्ञप्ति अनुसार गरिमा विकास बैंकका डेविट कार्ड तथा मोबाईल बैकिङ्ग प्रयोगकर्ताहरुले रिर्सोटको रुममा २३ प्रतिशत र फुड एण्ड वेभरेजमा १४ प्रतिशत छुट पाउने सुविधा दिन लागको हो ।

त्यस्तै सुविधा 'द एभरेष्ट होटल'सँग पनि गरिमा विकास बैंकले पुरानो सम्झौतालाई परिमार्जित गर्दै होटलको रुम, फुड एण्ड वेभरेज र स्पा मेम्बरसीप प्याकेजमा समान १५प्रतिशत छुट सम्बन्धि सम्झौता गरिसकेको छ ।

## सानिमा बैंकले ल्यायो दशैंको अवसरमा विशेष योजना

नेपालीहरुको महान पर्व बडा दशैंको अवसरमा सानिमा बैंकले ग्राहकहरुको लागि विशेष दशौं बम्पर योजना सार्वजनिक गरेको छ । आश्विन १ गतेदेखि लागू हुने सो योजना अन्तर्गत व्यक्तिगत मुद्दती खातामा ९.५१ ५ सम्म उच्च ब्याजदर मासिक रुपमा प्रदान गरिनेछ भने खाता खोल्दा पहिलो वर्षका लागि




डेबिटरक्रेडिट कार्ड, मोबाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग मेरो शेयर, डिम्याट खाता निःशुल्क प्रदान गरिने जनाएको छ ।

यसका साथै बचत खातामा ५५ सम्म ब्याजदर प्रदान गरिनुका साथै दुर्घटनामा मृत्यु भएमा वा स्थायी अपाङ्गता भएमा रु १० लाख सम्मको दुर्घटना बीमा, रु ३ लाख बराबरको घातक रोगको बीमा, रु ५० हजार बराबरको मेडिकल बीमा, वार्षिक रु ५ हजार बराबरको वार्षिक बहिरंग उपचार खर्च र रु ५ हजार बराबरको स्वास्थ्य परीक्षण सेवा ग्राहक महानुभावहरुलाई प्रदान गरिने छ । सानिमा बैंकको वेबसाइट https://onlineaccount.sanimabank.com/#/login मा लगइन गरी अनलाईन खाता पनि खोल्न सकिन्छ । सानिमा बैंकको देशका सातै प्रदेशमा १०४ वटा कार्यालय तथा ९६ वटा ए.टि.एम. संचालनमा रहेका छन् ।

# अर्थ संसार

## सांग्रिलाको दशैं अफर, मुद्दतीमा आकर्षक ब्याजदर

सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले व्यक्तिगत मुद्धति निक्षेपमा १० प्रतिशत (९.५ प्रतिशत व्याजदरमा ०.५ प्रतिशत थप प्रिमियम सहित)




ब्याज भुक्तानी गर्ने सार्वजनिक गरेको छ। बैंकले ३ महिना र त्यसभन्दा बढी अवधिका व्यक्तिगत मुद्धति निक्षेपमा सर्वाधिक १० प्रतिशत ब्याजदरको अफर सार्वजनिक गरेको हो ।दशैं जस्ता महान पर्वको अवसरमा ०.५ प्रतिशत प्रिमियम समेत थप्न मिल्ने मुद्दति निक्षेप योजना सार्वजनिक गरि एको छ। यसको अर्थ सांग्रिला डेभलपमेन्ट बैंकको व्यक्तिगत मुद्धति खातामा निक्षेप राख्नेले वार्षिक १० प्रतिशतसम्म ब्याज पाउनेछन् । यसका साथै बैंकले संस्थागत मुद्धति पनि ९.५ प्रतिशत वार्षिक ब्याजदरको अफर सार्वजनिक गरेको छ ।

## मुक्तिनाथ बैंकको ठुलो चाडपर्वमा ब्याज पनि ठुलै योजना सार्वजानिक

काठमाडौं । मुक्तिनाथ विकास बैंकले मिति २०७८/०६/०१ गते देखी लागु हुने गरी व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदरमा भारी वृद्धि गरेको छ ।




बैंकले व्यक्तिगत मुद्दतीमा ३ महिनाको लागि नै सर्वाधिक १० प्रतिशत वार्षिक ब्याजदर तथा मासिक ब्याज भुक्तानी हुने गरी ब्याजदर दिने भएको छ । साथै, बैंकले ३ महिने संस्थागत मुद्दतीमा पनि सर्वाधिक ९.५ प्रतिशत वार्षिक ब्याजदर तथा मासिक ब्याज भुक्तानी हुनेगरी ब्याजदर प्रकाशित गरेको छ । ३ महिना अवधीको लागि वाणिज्य तथा विकास बैंकहरुले २०७८ असोज महिनाको लागि हाल सम्म प्रकाशित गरेको ब्याजदर मध्यमा सो व्यक्तिगत तथा संस्थागत ब्याजदर उच्च दिन लागेको बैकाले जारी गरेको बिज्ञप्तिमा उल्लेख छ । मिति २०७८/०५/३० गते सूचना अधिकारी तिल बहादुर गुरुङद्धारा जारी गरेको बिज्ञप्तिमा उल्लेख छ ।

## हिमालयन बैंकद्वारा कम्युप्टर हस्तान्तरण

हिमालयन बैंक लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत तिनकुने, नयाँ बानेश्वर, काठमाण्डौ स्थित 'महानगरीय प्रहरी वृत्त, नयाँ बानेश्वर'लाई दुई थान कम्प्युटर खरिद गरी हस्तान्तरण गरेको छ ।

महानगरीय प्रहरी वृत्त, नयाँ बानेश्वरका कर्मचारीहरुलाई आधुनिक प्रणालीको कम्प्युटरको कमी हुनाका कारण दैनिक प्रशासकीय कार्यमा ढिला-




सुस्ती भएको हुँदा सो कार्य सहज होस् भनेर बैंकले रुपैया एक लाख दश हजार मुल्यको दुई थान कम्प्युटर सेट सहयोग स्वरुप प्रदान गरेको हो । बैंकका तर्फबाट बैंकका मुख्य प्रबन्धक समीर आचार्यले उक्त महानगरीय प्रहरी वृत्त, नयाँ बानेश्वरका प्रहरी उपरीक्षक मीमबहादुर लामालाई एक समारोहबीच उक्त सहयोग हस्तान्तरण गर्नुभएको हो । सो समारोहमा बैंक तथा वृत्तका अन्य कर्मचारीहरुको पनि उपस्थिति रहेका थियो ।

# नेपाली कांग्रेसको आसन्न महाधिवेशन र लोकतन्त्रको सुदृढीकरण

श्यामप्रसाद मैनाली,

प्रारम्भ

नेपाली कांग्रेसमा लामो समयदेखि महाधिवेशनका लागि गरिएको प्रतीक्षाको घडी प्रायः समाप्त भएको छ । लामो समयदेखि लोकतान्त्रिक आन्दोलनमा यस दलको महाधिवेशनले नेपालमा लोकतन्त्रको भविष्य निर्धारण गर्छ । यही कारणले गर्दा सबैतिर यस महाधिवेशनको सन्दर्भमा ध्यान जानु स्वभाविकै हो । वर्तमान समयमा वडा तहबाट सुरु भएको यो महायज्ञ क्षेत्र, जिल्ला, प्रदेश तहका कार्यक्रम क्रमशः सम्पन्न गर्दै यही मंसिर ९ देखि १३ सम्म केन्द्रीय स्तरमा सम्पन्न हुने कार्यतालिका प्रकाशित भई विभिन्न तहमा प्रतिनिधि चयन गर्ने कार्य भइराखेको छ । ठूलो उत्साहका साथ सहभागी हुँदै गरेका कार्यकर्ता र स्वतन्त्रताप्रेमी लोकतन्त्रवादीहरूका बीच धेरै प्रकारका कौतुहल उजागर भइराखेका छन् । धार्मिक, आर्थिक, राजनीतिक र सामाजिकजस्ता चार स्वतन्त्रताका साथै राष्ट्रियता, समाजवाद, प्रजातन्त्र र धार्मिक सहिष्णुताजस्ता चार आस्थाका आधारमा अघिबढेको नेपाली कांग्रेसको राजनीतिले यी लक्ष्य एवं गन्तव्य चुम्न सकून् भन्ने सदिच्छा राख्ने प्रजातन्त्रवादी र इमानदार राजनीतिक कार्यकर्ताहरूको अन्तरआत्मादेखिको चाहनालाई यसले पूरा गर्न सक्नेगरी अघि बढ्न पार्टी सक्षम हुनुपर्ने अवस्था छ । यस अर्थमा यस महाधिवेशनको महत्व अत्यन्त ज्यादा छ र यसलाई देश विदेश सबैतिरबाट उत्साहका साथ प्रतीक्षा गरिराखेका छन् । नेपाली कांग्रेसका इमानदार कार्यकर्ताबीच यस दल र प्रजातन्त्रको भविष्यबारेमा चिन्तन गर्दै केही विषयमा विश्लेषन हुन थालेको छ । आलेख यही विषयमा केन्द्रित छ ।

नेतृत्वको चयन

नेतृत्व चयनका विषयमा मतदाता द्विविधामा छन् । अहिलेसम्म बजारमा प्रचारमा आएका नामहरूमध्ये कसलाई चयन गर्ने हो ? भन्ने सन्दर्भ कठिन भएको छ किनकि बजारमा प्रतिस्पर्धीहरू धेरै छन् । यो प्रतिस्पर्धा कुनै सिद्धान्त, आदर्श, विचारमा निहित रहेर भएको अवस्था छैन, व्यक्तिगत प्रतिस्पर्धा मात्र देखिएको छ । सरकारमा रहँदा र दलकै नेतृत्व तहमा रहँदा अधिकांश प्रत्यासीहरूको परीक्षण भइसकेकाले पनि मतदाता धेरै उत्साही बन्न सकेको स्थिति छैन । बीपीलाई भजाएर उनकै निष्ठा र आदर्शबाट भिन्न रही दल र सरकारमा रहेर आफ्ना अभिष्ट मात्र पूरा गर्नेहरूलाई नेतृत्वमा पु¥याएर देशको लोकतान्त्रिक आन्दोलनको गन्तव्य कस्तो हुने हो ? असहज अवस्था छ । नेतृत्वमा पुग्न अग्रसर भएका प्रायः आफ्ना पूर्वजहरूको नामबाट नेतृत्वमा स्थापित हुन खोजिराखेको देखिँदै छ यद्यपि लोकतान्त्रिक आन्दोलनमा वहाहरूको उल्लेखनीय योगदान रहेको छ । दोस्रो हो, प्रायः सबै समूह र उपसमूह बनाई राजनीति गरिराखेका छन्, संस्थापन र इतर पक्षका बीच जिम्मेवारीका पदहरूको भागबन्डामा सबै शीषर्थहरू अभ्यस्त भएका छन् र यसलाई स्वाभाविक मान्छन् । वर्तमान प्रधानमन्त्री देउवाजीसँग प्रतिस्पर्धा गर्न संस्थापन इत्तर पक्षकाले एकल उम्मेदवार दिने उद्घोष गरेको छ तर सम्भावितमध्ये उनीहरूको साझा उम्मेदवार को हो ? प्रस्ट गर्न सकेको छैन । नेपाली कांग्रेस भएर मात्र प्रतिस्पर्धा गर्न कोही तयार छैनन् । यो प्रवृत्तिको विकास हुँदै गर्दा दलभित्र विग्रहको स्थिति आउन सक्छ । नेपाली कांग्रेस दलको इतिहास अध्ययन गर्दा दुईपटक दलभित्र विभाजन आइसकेको छ । अन्य दलहरूको प्रवृत्ति हेरेर पनि पाठ सिक्नुपर्छ । गुटका आधारमा मात्र राजनीति अघि बढाउने हो भने लोकतान्त्रिक संस्कारमा प्रश्न चिह्न खडा हुन सक्छ र लोकतान्त्रिक अभ्यासबाट चुनिएकाहरूको नेतृत्वलाई अस्वीकार गर्ने अवस्था आउन सक्छ । लोकतान्त्रिक दलका लागि यो अत्यन्त आपत्तिजनक विषय हुनेछ । दलभित्र कार्यकर्ता होइन अनुयायीहरूको झुन्ड तयार पारिँदै छ परिणाम हो यी मतदाताहरुमा आफ्ना नेतृत्व वर्गका र नेतृत्व लिन अग्रसर भएकाहरूलाई सकारात्मक दबाब दिन सक्ने क्षमता र उत्साह देखिएन । नेतृत्व लिन अग्रसर भएकाहरूमा गणितीय हिसाबकिताब मात्र ज्यादा देखिएको छ । प्रथम चरणमा विजयी हुन नसके दोस्रो चरणमा समूहगत ुवीकरण गराई आफ्नो पक्षमा आकर्षित गर्ने रणनीति प्रायः सबैमा देखिन्छ, यो व्यक्तिवादी सोच मात्र हो । यस अवस्थामा अभ्यस्त नेतृत्वले नेपाली कांग्रेसले निर्धारण गरेको प्रजातन्त्र, समाजवाद र राष्ट्रियताको गन्तव्य प्राप्त गर्न सक्दैन ।

युवाहरूको सहभागिता

यस दलभित्र युवामा उत्साह जोस र जागरको वृद्धि भइराखेको छ । १३औं महाधिवेशनमा साढे ४ लाखले क्रियाशील सदस्यता लिएकोमा यसपटक यो संख्या ९ लाख पुग्ने अनुमान गरिँदै छ । गत महाधिवेशनको भन्दा दोब्बर संख्यामा क्रियाशील सदस्य हुने स्थिति छ, समग्रमा करिब ४० प्रतिशत सहभागिता युवाहरूको हुने अवस्था छ । नेपालको जनसंख्याभित्र करिब ४५ प्रतिशत युवा छन् । जनसंख्याको अनुपातमा नै दलभित्र युवाको प्रतिनिधित्व देखिएको छ । ज्येष्ठ नागरिकको संख्या २० प्रतिशतबाट बढ्ने अवस्था छैन । परिवर्तनका वाहक सबैतिर युवा नै देखिन्छन् । उत्पादन, उत्पादकत्व र प्रगतिका द्योतक भनेकै युवा हुन् । यति ठूलो संख्यामा क्रियाशील सदस्य हुनुभनेको केन्द्रीय महाधिवेशनमा समेत युवाहरूको मत निर्णायक हुनु हो । युवाहरूले आफ्नो क्षमता प्रदर्शन गर्न सक्दा शीर्षस्थ नेताहरूको अनुभव र त्यागलाई सम्मान गर्दै उनीहरूबाट प्राप्त हुने उपयुक्त मार्गदर्शनलाई आत्मसात् गर्दै दलको नेतृत्व युवाहरूमा आउन सक्ने सम्भावना देखिनु हो ।

नेपाली कांग्रेसको इतिहास हेर्दा लामो समयसम्म युवाहरूले नै नेतृत्व सम्हालेको मात्र नभई दलको विश्वसनीयता समेत जनस्तरमा स्थापित गर्न सफल भएका छन् । उदाहरणका लागि २०४६ साल पहिलाको नेतृत्वको अध्ययन गरौं । बीपी र मातृकाले क्रमशः ४० र ३७ वर्षकै उमेरमा दलको नेतृत्व लिएका थिए । सुवर्णजी र गणेशमानजीले पनि नेतृत्वको दाबी युवाअवस्था मै गर्नुभएको थियो । किसुनजी २७ वर्षकै उमेरमा सभामुख बन्नुभएको थियो । २०४६ सालपश्चात् पनि पौडेलजी ६० वर्षभन्दा कम उमेरमै सभामुख बन्नुभएको हो । यस अवधिमा प्रायः अन्य अवधिको तुलना गर्दा राम्रै काम भएका थिए । त्यसैले नेपाली कांग्रेसभित्र युवाहरूको नेतृत्वको आवश्यकता देखिएको छ ।

आस्था, सिद्धान्त र विचारका आधारमा दलको नेतृत्व

नेपाली कांग्रेस समाजवाद, प्रजातन्त्र र राष्ट्रियताको पक्षमा रहने मार्गबाट सिद्धान्तः बिमुख भएको छैन । अभिव्यक्तिमा बीपीका विचार र मान्यतालाई आत्मसात् गर्दै आएको छ तर व्यवहारमा यस दिशामा निखार आउन सकेको छैन । दलमा आस्था, सिद्धान्त र विचारमा निखार आउन जरुरी छ । लोकतन्त्रको अभ्यासका सम्बन्धमा समेत कमजोरी देखिएका छन् । संविधान निर्माणकै विषयमा विश्लेषण नगर्दा वर्तमान संविधानले ल्याएका महत्वपूर्ण उपलब्धि संघीयता, धर्म निरपेक्षता र गणतन्त्र नेपाली कांग्रेसको एजेन्डा हो वा होइन ? यदि हो भने प्रजातन्त्रको संरक्षकका रूपमा लामो समयदेखि कुर्वानी गर्दै आएको यस दलले यसको परीक्षण जनताबाट गराउन सक्नुपर्थ्यो । बीपीको राष्ट्रिय मेलमिलापको नीतिलाई समयसापेक्ष नभएको उद्घोष गर्न सक्नुपर्थ्यो । राजसंस्था देशका लागि अनुत्पादक रहेको निष्कर्षका साथ जनतासामु उपस्थिति दिन सक्नुपर्थ्यो । संविधान निर्माणको सम्बन्धमा आफ्ना एजेन्डा पारदर्शी बनाउनु उपयुक्त हुने थियो, सबै राष्ट्रिय दलबीच सर्वसम्मतिका आधारमा निर्णय लिइने नीति अवलम्बन गरी समझदारीका आधारमा संविधान निर्माण गर्नु हुने थिएन । द्वन्द्वरतपक्ष र संसद्वादी कम्युनिस्टहरूको एजेन्डामा नेपाली कांग्रेसजस्तो ऐतिहासिक दल समाहित हुनु इमानदार र समर्पित कार्यकर्ताका लागि ठूलो चोट पुग्नु हो । यस्ता संगीन विषयमा यस दलले प्रत्यक्ष प्रजातान्त्रिक अभ्यास गराउन सबै दलहरूलाई मतैक्यता गराउनु जरुरी थियो । यसबाट नेका चुकेर अप्ठेरो अवस्थामा संविधान जारी गरेको हो ।

संविधानको मर्म मिच्दै संविधान दिवस !

समाजवादको सिद्धान्तलाई नीति तथा कार्यक्रमले सम्बोधन गर्नु जरुरी थियो । उत्पादनमा वृद्धि गरेर मात्र प्रजातान्त्रिक समाजवादमा पुग्न सकिने नेकाको घोषित नीति हो । साम्यवादीहरूको जस्तो समानतावादी सिद्धान्तको कार्यन्वयनमा गैरलोकतान्त्रिक क्रियाकलाप र शैलीको अवलम्बन गर्न नेकाले सक्दैन, यसका लागि नीतिहरूले किसान र मजदुर तथा निरपेक्ष गरिबीको रेखामुनि रहेका वर्गका लागि सम्बोधन गर्नु जरुरी छ । रोजगारीको व्यवस्था, आधुनिक प्रविधिको अवलम्बन, विकेन्द्रित शासन प्रणालीको कार्यन्वयन, प्रगतिशील करका साथै प्रगतिशील दण्डको व्यवस्था, आत्मनिर्भर अर्थव्यवस्था, सामाजिक सुरक्षाको प्रत्याभूति, कमजोर र पछि परेकाहरूलाई राष्ट्रले संरक्षकत्व प्रदान गरी समान बनाउने पवित्र उद्देश्यका आधारमा शासन सञ्चालन गर्नु नै समाजवादउन्मुख हुनु हो । यसमा व्यवहारमा निखार आउने गरी प्रस्तुत हुनु जरुरी छ । हालसम्मको अवस्थालाई दृष्टिगत गर्दा नेताहरूमा विचार र सिद्धान्तकै हिसाबमा द्विविधा देखिन्छ ।

नेकाको यस महाधिवेशनले आगामी निर्वाचनका लागि मतदाताहरूलाई यस दलको एजेन्डामा समाहित गर्न सक्ने गरी निर्णय लिनु जरुरी हुन्छ । हालसम्मका सरकारले राम्रो प्रभाव विविध कारणहरूले गर्दा जनमानसमा पार्न सकेको छैन । नेपाली कांग्रेसको आधारक्षेत्र तराई हो, क्षेत्रीय दलका रूपमा यस क्षेत्रका धेरैवटा दलहरू देखिँदा यसको आधारशीला कमजोर भएको छ । कम्युनिस्ट कमजोर हुँदा नेका बलियो हुने आधारमा राजनीति परिचालित छ । जनताको मन मस्तिस्कमा राज गरेको यस दलले आफ्नै एकल प्रयासमा साम्यवादी शक्तिलाई परास्त गर्न सक्नुपर्छ । साम्यवादीहरूसँग मिलिजुली सरकारमा जाने र निर्वाचनमा यिनै विपरीत धारका दलहरूसँग चुनावी गठबन्धन गर्दै अघि बढ्नु भनेको नेका कमजोर हुनु हो । यसको समीक्षा महाधिवेशनले गर्नुपर्छ । बीपीले साम्यवादीसँग कहिले पनि गठबन्धन गर्नुभएन । गैरलोकतान्त्रिक शक्तिसँग लोकतान्त्रिक शक्तिले गठबन्धन गर्ने होइन प्रतिस्पर्धा गर्नेमा बीपी विश्वस्त हुनुहुन्थ्यो । नीति, कार्यक्रम, इमानदारिता, सच्चरित्रताका आधारमा जनताको विश्वास आर्जन गर्न नेका लागि पर्नुपर्छ । आफ्ना नजिकका नाता, इष्टमित्रलाई चयन गर्दै जिम्मेवारी प्रदान गर्दा सिद्धान्तनिष्ठ नेता तथा कार्यकर्ता सधैं पछि पर्छन् । यसमा लोकतान्त्रिक दल अन्य दलहरूभन्दा विशेष गम्भीर हुनु जरुरी छ ।

देश भ्रष्टाचारबाट आक्रान्त छ, स्वार्थसँग गठजोड भएका अथवा स्वार्थको संघर्ष देखिनेगरी कार्य गर्न, नीति निर्माण गर्न र निर्णय लिन नेपालको राजनीतिले अभ्यस्तता प्राप्त गरिराखेको छ । ठूला भ्रष्टाचारीहरूलाई कुनै आग्रह र पूर्वाग्रहबिना कडा कारबाही गर्नेगरी नियन्त्रक निकायलाई कानुनी अधिकार प्रदान गरी सहज बनाई उत्साहित गर्नुपर्दछ । यसमा डेनमार्क, नर्वे, स्विडेन आदिका असल अभ्यासहरू हाम्रो सन्दर्भमा कार्यन्वयन गर्नु जरुरी छ । यस अवस्थामा मात्र भ्रष्टाचारमा कमी आउन सक्छ । हालको अवस्थालाई यथावत् निरन्तरता प्रदान गर्दा देशमा भ्रष्टाचार अझै व्याप्त हुनेछ । भ्रष्टाचार नियन्त्रक अभावमा सुशासनको दिशामा प्रगति गर्न सकिँदैन, यसमा बृहत् छलफल गरी दलको स्पस्ट धारणा अवको नेतृत्वले दिन सक्नुपर्दछ । राष्ट्रिय ढुकुटीको दुरुपयोगलाई नेपाली जनताले अत्यन्त आपत्तिजनक हिसाबले लिएका छन् । नवधनाढ्य विशिष्टहरूले उपचार खर्चलगायत विविध प्रयोजनमा सरकारी ढुकुटीबाट सहायता लिने र दिनेकार्य शीघ्र रोकिनुपर्छ । जनताले सबैको सत्तामा पुग्नुपूर्व र हालको अवस्थामा समेत आर्थिक अवस्थाको अभिलेख आफ्नो मन मस्तिस्कमा राम्ररी राखेका छन् । यी सबै पक्षहरूको प्रभावका आधारमा निर्वाचनमा देशका सचेत नागरिकहरूले आफ्नो निर्णय लिने गर्छन् । यसलाई गौण आँकलन गर्न मिल्दैन । उल्लेखित परिवेशमा नेतृत्वका दाबेदारहरूलाई आफ्नो धारणा प्रष्ट गर्न लगाई मुद्दाका आधारमा आगामी नेतृत्व चयन गर्ने स्पष्ट सोच सबै कार्यकर्ताहरूमा हुनुपर्छ । यसका लागि शीघ्र सबै नेताहरूलाई एकै स्थानमा राखी लोकतान्त्रिक दलको आगामी रणनीति, एजेन्डा र दुरदृष्टिबारेमा मतैक्यता गराई यी एजेन्डासहित दललाई अग्रगामी दिशातर्फ उन्मुख गराउन प्रतिबद्ध नेतालाई आगामी अवधिका लागि महाधिवेशनबाट निर्वाचित गरी पठाउनु उपयुक्त हुन्छ । यसका लागि दलका युवाहरूले दबाबसमेत दिई यो वातावरण तयार पार्दा मात्र यस दलको र देशको प्रजातन्त्रको भविष्य सुनिश्चित छ ।

-राजधानी दैनिक

# शक्ति केन्द्रको दबाबमा ८५ सहसचिवको सरुवा

काठमाडौं । सरकारले एकैपटक ८५ जना सहसचिवको सरुवा गरेको छ । विभिन्न शक्तिकेन्द्रको दबाबमा सरकारले एकैपटक ठूलो संख्यामा सहसचिव सरुवा गरेपछि स्थायी सरकारका रूपमा रहेको प्रशासनमा हलचल पैदा भएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्रोतका अनुसार सहसचिवको सरुवा सूची कैयौंपटक संशोधन भई मंगलबार मात्रै अन्तिम रूप दिइएको थियो । सामान्यले झन्डै डेढ साताअघि मात्रै सहसचिव सरुवाको सूची प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पठाएको थियो । तर, सो सूचीमा व्यापक संशोधन भएको जनाइएको छ । स्रोतका अनुसार यसपटकको सरुवामा सहसचिवहरू आफैं विभिन्न शक्तिकेन्द्रमा दौडिएर आकर्षक स्थानमा जान सफल भएका छन् । सरकारले विभिन्न निकायबाट गृह मन्त्रालयमा १४ जना सहसचिव पठाएको छ भने गृहबाट आधा दर्जन सहसचिवलाई अन्यत्र सरुवा गरिएको छ ।

यसैगरी, भौतिक मन्त्रालयअन्तर्गत केही सहसचिवलाई सरुवा गरिएको छ । सम्पति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशकलाई पनि हटाइएको छ ।

सामान्यतया सहसचिवको सरुवाको प्रस्ताव मुख्य सचिवको समन्वयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सरकारसमक्ष गर्नुपर्ने कानुनी प्रावधान छ । तर, सत्तारूढ दलनिकटका विभिन्न राजनीतिक दल सम्बद्ध शक्तिकेन्द्रले नै सहसचिव सरुवाको सूची बनाएर अन्तिम रूप दिन थालेपछि प्रशासनमा विकृति बढ्ने चिन्ता प्रशासकले गरेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका एक अधिकारीका अनुसार प्रशासनमा हुने यस किसिमको राजनीतिक हस्तक्षेपले सेवा प्रवाहमा गम्भीर असर पर्न सक्छ । 'भनसुनको आधारमा सहसचिवलगायतका कर्मचारीको सरुवा गर्दा सिस्टम डिफन्ट हुन सक्छ यसले प्रशासनमा गम्भीर विकृति निम्तन सक्छ । 'प्रधानमन्त्री कार्यालयका ती अधिकारीले राजधानीसँग भने । सरकारले यस अघि ठूलो संख्यामा सचिवको सरुवा गरिसकेको छ । सरकार परिवर्तनसँगै कुनै मापदण्डबिना नै ठूलो संख्यामा सचिव सहसचिवको सरुवा गर्ने परम्परा रहँदै आएको छ । यस्तो परम्पराले प्रशासन क्षेत्रमा राजनीतिक हस्तक्षेप बढ्दै जाने र त्यसले प्रशासन क्षेत्र थप कमजोर हुँदै गइरहेको विश्लेषण पूर्व प्रशासकहरूको छ । तक्मा राजनीतिः संसद् विघटन मुद्दामा परमादेश दिने न्यायाधीशदेखि विपक्षीमा बहस गर्नेसम्म विभूषित बाँकी ६ पृष्ठमा

# सल्यान डायरी

## लोपोन्मुख राउटे समुदायको स्वास्थ्य परीक्षण

करेश्मा गिरी

सल्यान । घुमन्ते जीवन बिताउँदै आएका लोपोन्मुख राउटे समुदायको स्वास्थ्य परीक्षण गरिएको छ । सल्यानको बनगाड कुपिण्डे नगरपालिका १ देवस्थलको घाटगाउँमा बस्दै आएका राउटेको बिहीबार स्वास्थ्य परीक्षण गरिएको हो ।

राउटे समुदायमा स्वास्थ्य समस्या देखिए पछि राउटे संरक्षण उत्थान प्रमुख सत्यदेवी अधिकारीको आग्रहमा स्वास्थ्य परीक्षण गरिएको हो । स्वास्थ्य परीक्षणका क्रममा राउटे समुदायमा छाला सम्बन्धी समस्या, घाउ, चोटपटक र पाचन प्रणालीसँग सम्बन्धित समस्याहरू देखिएको देवस्थल स्वास्थ्य चौकी इन्चार्ज भुमा बुढाथोकीले जानकारी दिनुभयो । स्वास्थ्यकर्मीको टोलीले ९८ वर्षका वृद्ध सहित २५ जना राउटे समुदायको स्वास्थ्य जाँच गरेको छ ।

चेकजाँचका क्रममा राउटे समुदायका बालबालिकामा छाला सम्बन्धी चिलाउने रोग, खोकी ज्वरो लगाएको समस्या देखिएको र राउटेहरू आफै औषधि मागेर खाने गरेकाले चेकजाँच सहज भएको स्वास्थ्यकर्मी कमल खड्काले बताउनुभयो । विशेष गरी खाना, खानेपानी , वासस्थानको, सरसफाइ, बसाइसराई लगायतले



यस्तो समस्या देखा परेको उहाँको भनाई छ ।

सल्यान र सुर्खेतको सिमाना गुर्भाकोट नगरपालिका (१ सिमसारमा बस्दै आएका राउटे समुदाय भदौ २५ गते सल्यानको बनगाड कुपिण्डे नगरपालिका ( ११ बालुवासँग्रही भेरी नदी किनार बाङ्गिरहमा बस्दै आएका थिए । राउटेहरुलाइ त्यहाँ खानेपानी समस्या भए पछि अहिले घाटगाउ चौरमा बस्दै आइरहेका छन् ।

## सल्यानको त्रिवेणी गाउँपालिकामा स्थानीय पाठ्यपुस्तक तयार गरी पठनपाठन सुरु

करेश्मा गिरी

सल्यान । सल्यानको त्रिवेणी गाउँपालिकाले स्थानीय पाठ्यपुस्तक तयार गरी पढाउन सुरु गरेको छ । कक्षा १ देखी कक्षा ५ सम्मका विद्यार्थीहरुलाइ लक्षित गर्दै पाठ्यपुस्त तयार पारिएको छ । पाठ्यपुस्तक विमोचन कार्यक्रमलाइ सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष मान बहादुर डाँगीले नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार प्रयोग गर्दै यस गाउँपालिकाले जिल्लामै पहिलो पटक स्थानीय पाठ्यक्रम र पाठ्य पुस्तक तयार गरी सञ्चालनमा ल्याएको बताउनु भयो ।

गाउँ पालिकाका भित्र रहेका विभिन्न पक्ष विद्यार्थीलाई जानकारी दिने उद्देश्यले




त्रिवेणी गाउँपालकाले पाठ्क्रम सञ्चालनमा ल्याइएको शिक्षा शाखा प्रमुख गणेश आचार्यले बताउनु भयो । स्थानीय पाठ्य पुस्तकमा गाउँका पर्यटकीय स्थल, रीति रिवाज, रहनसहन, संस्कार , मेला पर्व, गाउँ पालिकाको भौगोलिक अवस्था, स्थानीय सरकार, कृषि तथा त्यसको सम्भावना लगायतका विषयवस्तु बारे जानकारी समेटिएको 'मेरो त्रिवेणी' नामक पाठ्य पुस्तक तयार गरी पठन पाठन संचालन गरेको छ । यस अघि कक्षा १ देखि ३ सम्म पाठ्यक्रम निर्माण गरी सञ्चालनमा ल्याई सकेको गाउँपालिकाले अहिले कक्षा १ देखि ५ कक्षासम्म नै पाठ्य पुस्तक निर्माण गरेको हो । नमुना कार्यक्रमको रूपमा निर्माण गरिएका पाठ्य पुस्तक यसै शैक्षिक सत्रदेखि गाउँ पालिका भित्रका कक्षा १ देखि ५ सम्म सञ्चालन भएका सबै विद्यालयका करिब १ हजार ८ सय विद्यार्थीलाई स्थानीय पाठ्य पुस्तकको पढाइ सुरु हुने गाउँ पालिपकाले जनाएको छ

## महान्....

अर्कोलाई सहयोग गदै मनाउदै आएको पर्वलाई यसैगरी सदभाव, एकता, धार्मिक सहिष्णुता कायम राख्नु पनि सवै नेपालीहरुको परम कर्तव्य हो । यो समग्र नेपाल देशको हितमा हुन्छ ।

कुनै कुनै त्यस्ता व्यक्ति विशेष पनि हुन्छन् । जसले समाजमा पर्वको अवसरमा व्यस्त रहेका मानिसहरुलाई सामानहरुको कार्टेलिङ गरेर दुखः दिने अन्य कुविचार राख्ने गर्दछन् । उनिहरुलाई पनि दुर्गा भवानीले सुविचार दिउन् । नजिकिदै गरेको बिजया दशमी अर्थात बडा दशै सवै नेपलीको हर्ष र उल्लासको दशै बनोस् ।

## एलपी....

शंकर श्रेष्ठ निर्विरोध भए ।

उपाध्यक्षमा दिवानचन्द र मनोजकुमार दास तथा महासचिवमा कृष्णभक्त श्रेष्ठ निर्वाचित भए । कोषाध्यक्षमा धर्मराज बर्तौला र सचिवमा आशिष जाजोदिया निर्विरोध भएका हुन् ।

संघको सदस्यमा लोकहर्ष शाक्य, बाबुराम पोखेल, सुनिल सिन्हा, मनोज बुढाथोकी, अच्युत नेपाल, युवक राजभण्डारी, सुदीप घिमिरे, राजकुमार सिन्धी लगायत चयन भएका छन् ।

निर्वाचित पदाधिकारीहरुलाई हाम्रो जन आकाश परिवारको तर्फवाट पनि हार्दिक बधाइ तथा शूभकामना ।

## बिटुमिन....

सभालाई जानकारी गराएका थिए ।

साथै सडक निर्माणका लागि आधारभूत वस्तु बिटुमिन तथा बिटुमिन इमल्सन उत्पादन गर्ने यस उद्योगलाई निजीकरण गरिएका उद्योगहरूमध्ये नमूना उद्योगका रूपमा विकसित गर्दै लैजान आफू तथा सञ्चालक समिति लागिपरेको बताएका थिए ।

त्यसैगरी अन्य प्रदेशहरूमा डिलर नियुक्त गरी बिटुमिनको बजार बिस्तार गरिने ब्यहोरा सभालाई जानकारी गराएका थिए । शेयरधनीहरूको तर्फबाट अमृतनाथ रेग्मीका साथै डमरू बल्लभ घिमिरेले आ–आफ्नो मन्तब्य राखी कोभिड(१९ का कारण देशमा लकडाउन तथा निशेधाज्ञा जस्ता असहज परिस्थिति पैदा हुँदा समेत केही मुनाफा कमाउन सक्षम भएको तथा कम्पनीलाई अझ प्रभावकारी बनाई नयाँ सोचअनुसार कम्पनी अगाडी बढाउन सञ्चालक समितिमा नयाँ सञ्चालकलाई सहभागि गराउने साथै कम्पनीको काममा लगनशिल भई कार्य गर्ने सम्पूर्ण कर्मचारी, कामदार तथा व्यवस्थापन समूहलाई धन्यवाद ज्ञापन गरेका थिए ।

## कांग्रेस.....

सुदृढीकरणका लागि प्रत्येक वडामा प्रशिक्षण कार्यक्रम गर्ने, आपत्विपद्मा परेका पार्टीका कार्यकर्तालाई सहयोगका लागि कोष स्थापना गर्ने र आगामी निर्वाचनमा तीनवटै स्थानीय तहमा पार्टीका उम्मेदवारलाई अत्याधिक मतले विजयी गराउनका भूमिका निर्वाह गर्ने बताउनुभयो ।

अर्का आकाङ्क्षी हङ्खलेले युवाको भावनालाई सम्मान गरी सभापतिमा उम्मेदवारी दिएको बताउनुभयो । प्रविधिसँग जोडिएका युवालाईसँगै लगी राजनीति पनि आकर्षित गर्न आफूले उम्मेदवारी दिएको उहाँको भनाइ थियो । नगरपालिकाको १४ सबै वडामा क्षेत्रीय प्रतिनिधि छनोट भएर आइसकेका र अब ४५० प्रतिनिधिले मतदान गर्ने भएका छन् ।

## अर्थ...

मोटरसाइकल समितिका सभापति अभिक ज्योतिले नेपालमा १६० सिसिसम्मका मोटरसाइकलहरु दुई तिहाईको सख्यामा विक्री हुने बताउदै अहिलेको सेगमेण्ट परिवर्तनले मोटरसाइकल प्रयोगकर्ताहरुमा आर्थिक भार थपिन पुगेको मात्र नभई अलमलमा समेत पर्ने बताउदै सरकारले गरेको बर्तमान सेगमेण्टलाई पहिले कै अवस्थामा ल्याउदा सवैलाई सहज हुने बताएका थिए ।

त्यसैगरी सो छलफलमा दुगड ब्रदर्श एण्ड सन्सका प्रवन्ध निर्देशक विवेक दुगडले सरकारले २५० सिसि भन्दा माथीका मोटरसाइकललाई हेवि सवारी साधन मानेको तर नेपालको पहाडी धराटलिय अवस्थितिका कारण र पर्यटन प्रवर्द्धनका लागि उच्च सिसिका मोटरसाइकल आवश्यक पर्ने बताए ।

सो छलफलमा अर्थ मन्त्री शर्माले सरकारले नेपालमा उद्योगको उत्थानका लागि उच्च प्राथमिकता दिएको बताउनु हुदै सोही अनुरुपका नीतिहरु ल्याइएको बताएका थिए । यसबाट थप रोजगारी रोजगारी

मात्र सिर्जना हुने नभई दक्ष जनसक्ती पनि तयार हुने, लगानी र उत्पादन पनि बढने भन्नु हुदै अन्ततः हाम्रो उद्धेश्य जसरी पनि देश बनाउनु रहेको बताएका थिए । उद्योग व्यवसायक्षेत्रको समस्या समाधानका लागि सरकारले कर पूनरावलोकन आयोग समेत गठन गर्न लागेको सो अवसरमा बताएका थिए । सरकारबाट कंहा कंहा कमजोरी भए त्यसको समेत समाधान गरिने बताएका थिए । सो छलफलमा नाडाका सचिव अनुप बराल, केन्द्रीय कार्य समिति सदस्य दिपक अग्रवाल, एम ए डब्लु इण्टरप्राइजेज प्रा.लि.बाट राजु श्रेत्री, एस.एल.आर टेक्नो ट्रेड प्रा.लीबाट सुगम घिमिरे समेतको उपस्थिति रहेको थियो ।

## शक्ति....

सरकारले नेपाल प्रशासन सेवाका ५४ जना, कृषि सेवाका १३, नेपाल इन्जिनियरिङ सेवामा ९, शिक्षा सेवाका ४, वनसेवाका ५, गरी ८५ जना सहसचिवको सरुवा गरेको हो ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समेत जिम्मेवारी सम्हालेका प्रधानमन्त्री शेरबहादुर देउवाकै प्रस्तावमा मन्त्रिपरिषद्ले ती सहसचिवको सरुवा गर्ने निर्णय गरेको हो । यसलगत्तै अब ठूलो संख्यामा विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारी (सीडीओ)को सरुवा गर्ने गृहकार्यमा थालिएको छ । मंगलबारको सरुवामा २९ जना सहसचिवहरूलाई प्रदेशमा सरुवा गरिएको छ भने एक जना सहसचिवलाई फाजिल अर्थात् जगेडामा राखिएको छ ।

यस्तै, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका रामबन्धु सुवेदीलाई भरतपुर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मा दिइएको छ ।

गृहमा ल्याइएका सहसचिवहरू

ऋषिराम तिवारी, भिष्मकुमार भुसाल, प्रदीपकुमार कोइराला, कृष्णप्रसाद लम्साल, विपिन आचार्य, पुण्यविक्रम पौडेल, शंकरहरि आचार्य, वीरेन्द्रकुमार शाह, दीपककुमार पहाडी, हिरालाल रेग्मी, रमेश ढकाल, पुष्पराज शाही, कासीराज दाहाल

कसलाई कुन प्रदेश पठाइयो ?

वद्रीराज ढुंगाना, गण्डकी प्रदेश
दिवेश मणि त्रिपाठी, सुदूरपश्चिम प्रदेश
अणप्रसाद न्यौपाने, कर्णाली प्रदेश
वैकुण्ठप्रसाद अर्याल, गण्डकी प्रदेश
दीपक शर्मा, गण्डकी प्रदेश
हरिबहादुर केसी, गण्डकी प्रदेश
रामानन्दन तिवारी, प्रदेश १
नम्रता सिंह, प्रदेश २
डा. शान्ता कार्की, लुम्बिनी प्रदेश,
डा. शरणकुमार पाण्डे, बाग्मती प्रदेश
मदनसिंह धामी, सुदूरपश्चिम प्रदेश
मोहनराज चापागाई, प्रदेश १
अशोककुमार साह, बाग्मती प्रदेश
गणेशराज वस्ती, कर्णाली प्रदेश
अमृत श्रेष्ठ, लुम्बिनी प्रदेश
प्रेमकुमार सिंह, प्रदेश २
रुद्रसिंह तामाङ, बाग्मती प्रदेश
कालीप्रसाद पराजुली, प्रदेश १
ज्ञानेन्द्र पौडेल, गण्डकी प्रदेश
यमलाल भुसाल, बाग्मती प्रदेश
शिवराम न्यौपाने, बाग्मती प्रदेश
सुमन दाहाल, प्रदेश १
खोमराज कोइराला, लुम्बिनी प्रदेश
धनीराम शर्मा, बाग्मती प्रदेश
जितेन्द्र बस्नेत, लुम्बिनी प्रदेश
गजेन्द्रकुमार ठाकुर, प्रदेश २
झक्कप्रसाद आचार्य, कर्णाली प्रदेश
सागर आचार्य, गण्डकी प्रदेश
स्किम श्रेष्ठ, बाग्मती प्रदेश

# देशभित्रै विद्युत् खपत गर्ने यस्तो छ प्राधिकरणको तयारी

काठमाडौं । नेपाल विद्युत् प्राधिकरणले देशभित्रै बिजुली खपत गराउने उद्देश्यका साथ ठूला उद्योगलाई मागेजति विद्युत् उपलब्ध गराउन थालेको छ । त्यसका लागि निर्धाणाधीन प्रसारण तथा वितरण लाइन र सवस्टेसन आयोजना शीघ्र निर्माण गर्न थालिएको हो । विद्युत् खपत बढाउन योजनाबद्धरुपमा पूर्वाधार विस्तारलाई उच्च प्राथमिकतामा राखेर काम अगाडि बढाएको जनाइएको छ ।

प्रसारण तथा वितरण लाइनको क्षमता अभावमा उद्योगीलाई मागेअनुसार विद्युत् उपलब्ध गराउन नसक्ने र उत्पादित विद्युत् खपत गर्न नसकी वित्तीय नोक्सानी बेहोर्नुपर्ने अवस्था आएपछि प्राधिकरणले खपत बढाउने योजना अगाडि सारेको छ ।अल्पकालीन योजनाअन्तर्गत विद्युत् माग गर्ने उद्योगलाई प्रसारण तथा वितरण लाइन सुदृढीकरण तथा क्षमता विस्तार गरी तत्काल विद्युत् दिने र निर्माणाधीन आयोजनाको काम जतिसक्दो छिटो सम्पन्न गर्ने रहेको बताइएको छ ।

दीर्घकालीन योजनाअन्तर्गत विद्युत् खपत बढ्नसक्ने सम्भावित ठाउँ पहिचान गरी प्रसारण तथा वितरणतर्फका लाइन तथा सवस्टेसन निर्माण सुरु गरिने भएको छ । उद्योगले मागेजति विद्युत् नपाएको गुनासो बढेकाले प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले शनिबार र आइतबार हेटौंडा, सिमरा, वीरगञ्ज, भरतपुर, परासी, भैरहवाका औद्योगिक करिडोर क्षेत्रको स्थलगत अवलोकन गरी सञ्चालनमा रहेका र निर्माणाधीन प्रसारण तथा वितरण लाइन, सवस्टेसनको अवस्थाबारे जानकारी लिनुभएको थियो । त्यस क्षेत्रमा सञ्चालित र आगामी दिनमा खुल्ने उद्योगलाई पर्याप्त विद्युत् आपूर्ति गर्न प्रसारण लाइन र सवस्टेसन आयोजना निर्माणाधीन अवस्थामा छन् ।

उहाँले आयोजना व्यवस्थापक, ठेकेदार, वितरण तथा ग्राहक सेवा केन्द्रका प्रमुखसँग आयोजनास्थलमै छलफल गरी निर्माणमा देखिएका समस्या र समाधानका उपायबारे कुराकानी गर्नुभएको थियो । एकतर्फ देशभित्र उत्पादित विद्युत् खपत गर्न नसकी दैनिकरुपमा लाखौं रकम खेर फालिरहेका छौं भने अर्कोतर्फ पूर्वाधार अभावमा उद्योगलाई मागेजति विद्युत् दिन सकिरहेका छैनौं, यस्तो पीडादायी अवस्था अन्त्य गर्न चाहन्छौं , कार्यकारी निर्देशक घिसिङले भन्नुभयो । निर्माणाधीन आयोजना सम्पन्न भएपछि उद्योगलाई मागेअनुसार विद्युत् दिन सकिन्छ भने आम उपभोक्ताले पनि गुणस्तरीय विश्वसनीयरूपमा विद्युत् पाउने छन्, चुहावट घट्ने छ, प्रसारण क्षमता सुदृढ हुनेछ, उहाँले भन्नुभयो, विद्युत् खपत बढाउनुपर्ने अहिलेको चुनौतीपूर्ण अवस्थामा आयोजनाको काम समयमै सम्पन्न गरी सहयोग गर्न सम्बद्ध सबैलाई आग्रह गर्दछु । सिमरा र वीरगञ्ज क्षेत्रका उद्योगको विद्युत् आपूर्तिलाई विश्वसनीय बनाउन हेटौंडा–परवानीपुर ६६ केभी डबल सर्किट प्रसारण लाइनमा नयाँ टावर थप गर्ने र पुरानो कन्डक्टर निकाली लाइनको क्षमता बढाउने काम भइरहेको छ । यो काम सम्पन्न भएपछि त्यस क्षेत्रमा थप विद्युत् आपूर्ति गर्न सकिने छ । निर्माणाधीन हेटौंडा–ढल्केबर ४०० केभी प्रसारण लाइनबाट बाराको पिलुवा क्षेत्रमा नयाँ सवस्टेसन निर्माण गरिने र अमलेखगञ्जमा रहेको सवस्टेसनबाट थप फिडर निकाली विद्युत् आपूर्तिको सम्भावनाका विषयमा पनि कार्यकारी निर्देशक घिसिङले छलफल गर्नुभएको थियो । यसका लागि अध्ययन गरी प्रस्ताव पेश गर्न उहाँले निर्देशन दिनुभएको बताइएको छ । नपलपरासीको परासी क्षेत्रमा सञ्चालित उद्योगलाई विद्युत् आपूर्तिका लागि सुनवलमा १३२/३३ केभी सबस्टेसन आगामी चैतभित्रमा निर्माण गरिसक्ने लक्ष्य राखिएको बताइएको छ । सबस्टेसन सञ्चालनमा आएपछि त्यहाँबाट थप ९० मेगावाट विद्युत् उद्योगलाई दिन सकिन्छ भने आपूर्ति पनि विश्वसनीय हुनेछ, कार्यकारी निर्देशक घिसिङले भन्नुभयो । त्यस क्षेत्रमा सञ्चालित उद्योगले क्षमता थप्न लागेको र नयाँ उद्योग पनि खुल्न लागेकाले विद्युत्को माग उच्च छ । रुपन्देहीको भैरहवा औद्योगिक करिडोरमा रहेका उद्योगलाई विद्युत् आपूर्तिका लागि बुटवल–लुम्बिनी १३२ केभी प्रसारण लाइन र मैनहिया १३२/३३/११ केभी सबस्टेसन निर्माण अन्तिम चरणमा पुगेको छ । कोभिड–१९ का कारण चिनियाँ प्राविधिक आउन नसक्दा सवस्टेसन परीक्षण गर्न नसकिएमा यो सञ्चालनमा आएपछि थप ९० विद्युत् आपूर्ति दिन सकिने बताइएको छ ।

होङ्शी सिमेन्टलाई तीन महिनाभित्रमा विद्युत्

चिनियाँ लगानीमा खुलेको होङ्शी सिमेन्टलाई तीन महिनाभित्र विद्युत् आपूर्ति गर्न सकिने भएको छ । उद्योगका लागि निर्माण भइरहेको बर्दघाट–सर्दी १३२ केभी प्रसारण लाइन आयोजना निर्माणमा केही ढिला हुने भएपछि वैकल्पिक व्यवस्था गरी विद्युत् आपूर्ति दिन लागिएको हो । यसका लागि भरतपुर–बर्दघाट २२० केभी प्रसारण लाइनका बीच खण्डबाट ‘ट्यापिङ’ गरिने भएको छ ।

कार्यकारी निर्देशक घिसिङले उद्योगका पदाधिकारीहरुसँग छलफल गरी तीन महिनाभित्र विद्युत् आपूर्ति दिन सकिने भएकाले सोहीअनुसार आवश्यक तयारी गर्न आग्रह गर्नुभयो । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सिमेन्ट उद्योगलाई विद्युत् पुऱ्याउने घोषणाअनुसार यो लाइन बनिरहेको हो । लाइन नपुग्दा होङ्शीले अहिले डिजेलमार्फत विद्युत् उत्पादन गरी प्रयोग गरिरहेको छ । उद्योगको क्षमता विस्तार गर्दा होङ्शीलाई मात्रै करिब ८० मेगावाट विद्युत् आवश्यक पर्ने बताइएको छ । वन क्षेत्रको जग्गा प्रयोग तथा रुख कटान स्वीकृतिमा भएको ढिलाइ र निजी जग्गा प्राप्तिको समस्याका कारण बर्दघाट–सर्दी १३२ केभी प्रसारण लाइनको निर्माण पूर्णरुपमा सम्पन्न हुन सकेको छैन ।

# एकीकृत समाजवादीको ५५ जिल्लामा कार्यसमिति गठन

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले ५५ जिल्लामा कार्यसमिति गठन गरेको छ । करिब एक महिना अगाडि नेकपा (एमाले) बाट नेता माधवकुमार नेपालका नेतृत्वमा अलग भएको समूहले स्थापना गरेको उक्त पार्टीले देशभर सङ्गठन विस्तारका लागि भेला, बैठकलगायत विभिन्न राजनीतिक कार्यक्रम सञ्चालन गरेको हो । बाँकी २२ जिल्लामा चाँडै समिति गठन गर्ने कार्यक्रम रहेको बताइएको छ । पार्टीका विभिन्न विभाग, जनवर्गीय सङ्गठन, सम्बन्धित आयोगको गठन, पुनःगठन, विस्तार तथा सुदृढीकरणका लागि आवश्यक राजनीतिक गतिविधि सञ्चालन गर्न पार्टीले राष्ट्रियस्तरमा अभियान गर्ने प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिनुभयो । सङ्गठन विस्तारका लागि सदस्यता वितरण गरिने जनाइएको छ । पार्टीको सङ्गठन विस्तारका लागि वितरण गरिने सदस्यताको फाराम अनलाइनबाट उपलब्ध गराइएको छ । पार्टीको सदस्यता लिन चाहने नेतालाई पुरानै सदस्यता कायम गरिनेछ । केन्द्रीय कमिटीको बैठकपछि पार्टीले केही नेताको विभाग हेरफेर गरेर नयाँ जिम्मेवारी तोक्ने जनाइएको छ ।

# अन्तराष्ट्रिय समाचार

## हुथी नेताको हत्यामा सम्लग्न भएको आरोपमा नौ जनालाई मृत्युदण्ड

साउदी अरबले दाबी गरेको सन् २०१८ को हवाई आक्रमणमा मारिएका आफ्ना एक जना प्रमुख नेताको हत्यामा संलग्न भएको आरोपमा यमनी हुथी समूहले नौ जनालाई मृत्युदण्ड दिएको बताएको छ । हुथी समूहका तत्कालिन सर्वोच्च राजनैतिक परिषद्का प्रमुख सालेह अल–सामदको तीन बर्ष पहिले भएको मृत्यु सानालाई नियन्त्रण गरेको इरान समर्थित विद्रोहीहरूका लागि ठूलो प्रहारको रूपमा लिइएको थियो । विद्रोही समर्थक साबा न्यूज एजेन्सीले ती नौ जनालाई यमनको राजधानी सानाको एक चोकमा गोली प्रहार गरी मृत्युदण्ड दिइएको जनाएको छ । उनीहरू हुथी समूहको एक अदालतले हुथी नेता सामदको हत्यामा संलग्न भएको अभियोगमा दोषी ठहर भएका १६ जनामध्ये हुन् । हुथी अदालतले साउदी अरबका राजकुमार मोहम्मद बिन सलमान र अमेरिकी पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पसहित अन्य सात जनालाई पनि उहाँहरूको अनुपस्थितिमा नै अदालतले मुद्दा चलाएको थियो । उहाँहरूलाई पनि हुथी अदालतले मृत्युदण्डको सजाय सुनाएको साबा न्यूजले उल्लेख गरेको छ । साबा न्यूजले भनेको छ, "आम अभियोक्ताले समादको हत्यामा संलग्न नौ जनालाई मृत्युदण्ड दिएको छ । उनीहरूलाई वरिष्ठ हुथी नेताहरू र सानाका बासिन्दाहरूको उपस्थितिमा तहरिर चोकमा गोली हानी हत्या गरिएको छ ।"

अप्रिल २०१८ मा यमेनको पश्चिमी प्रान्त होडैडामा भएको हवाई हमलामा समादसहित अन्य छ जनाको मृत्यु भएको थियो । साउदी अरबले उक्त हवाई हमला गरेको पुष्टि गरेको थियो । "रोयल एयर फोर्सका नायकहरूले हुथी सशस्त्र लडाकूका नेता तथा कमाण्डर सलेह अल–समादलाई लक्षित गरी गरिएको हवाई आक्रमण सही निशाना परेको छ," संयुक्त राज्य अमेरिकाका लागि साउदी अरबका तत्कालिन राजदूत राजकुमार खालिद बिन सलमानले आक्रमणपछि गरेको ट्वीटमा भनिएको छ ।

सामदले साउदी अरबविरुद्ध क्षेप्यास्त्र हमलाको लहरको धम्की दिएपछि राजकुमार खालेदले आक्रमणको निरीक्षण आफ्ना दाजुसमेत रहेका साउदी राजकुमारले गरेको बताए । हुथी समूहले गरिब देश यमनमा पूर्ण नियन्त्रणका लागि साउदी समर्थित यमनी सरकार र रियादको नेतृत्वमा भएको सैन्य गठबन्धनसँग सन् २०१४ देखि लडिरहेका छ । हुथीहरूले यमनी राजधानी सानालाई कब्जा गरेपछि साउदी नेतृत्वको गठबन्धन सेनाले सन् २०१५ देखि यमनी हुथीलाई लक्षित गरी आक्रमण थालेको थियो । त्यसबेलादेखि हजारौं मानिसहरू मारिएका छन् र लाखौं मानिसहरू संयुक्त राष्ट्रसंघले विश्वकै सबैभन्दा खराब मानवीय संकट भनी वर्णन गरेको भोकमरीको सँघारमै पुगेका छन् । साउदी नेतृत्वको गठबन्धनले देशमा हस्तक्षेप गरेपश्चात् मारिएका समाद सबैभन्दा वरिष्ठ हुथी नेता थिए । आफ्नो नेताको मृत्युको बदला लिने वाचा गरेका हुथीहरूले नियमित रूपमा साउदी अरबमा ब्यालेस्टिक क्षेप्यास्त्र प्रक्षेपण गर्ने गरेका छन् । यस वर्षको अगस्त महिनामा तिनीहरूले ड्रोन प्रयोग गरेर सीमापारीको साउदी अरबको भूमिमाथि आक्रमणलाई बढाएको थियो ।

## संयुक्त राष्ट्र प्रमुखद्वारा अफगानिस्तानमा सहयोगको आग्रह

संयुक्त राष्ट्र सङ्घका प्रमुख एन्टोनियो गुटेरेसले अफगानिस्तानको समर्थनमा शङ्घाई सहयोग सङ्गठन (एससीओ)का सदस्यसँग सहयोगको लागि आग्रह गर्नुभएको छ । गुटेरेसले एसजीओ शिखर सम्मेलनमा शुक्रबार ताजिकिस्तानमा आयोजित कार्यक्रमा सन्देश पठाउँदै सो आग्रहगर्नु भएको सिन्ह्वाले जनाएको छ । आफ्नो सम्बोधनको क्रममा, संयुक्त राष्ट्रसङ्घका महासचिवले अफगानिस्तानमा चिन्ताजनकरूपमा राजनीतिक, आर्थिक, सुरक्षा र मानवीय चुनौती थपिँदै गएकाले थप मानवीय सहयोगको निम्ति अन्तरराष्ट्रिय समुदायलाई आग्रह गर्नु भएको हो । सिन्ह्वाले संयुक्त राष्ट्रसङ्घ प्रमुखलाई उद्धृत गर्दै भनेको छ, संयुक्त राष्ट्रसङ्घ अफगानिस्तानका जनताका लागि उद्धार गर्न प्रतिबद्ध छ । हामी अफगानी जनताको समर्थन गर्न को लागि तपाइँ सबैसँग काम गर्न को लागि तत्पर छौं । को हालको स्थिति छिटो र अप्रत्याशित ढङ्गले विकसित हुँदै गएको छ । तर अफगानी जनता चरम गरिबीको उन्मूलन गर्न, रोजगारीको सुनिश्चितताको लागि, स्वास्थ्य र शिक्षा सेवा पुनःयथावतरूपमा सञ्चालन होस् भन्ने चाहान्छन् । विद्रोही तालिबानीले काबुल कब्जामा लिएर नयाँ सरकार घोषणा गरेपछि पछिल्लो समय संयुक्त राष्ट्रसङ्घका थुप्रै एजेन्सी अफगानिस्तानमा बिग्रिँदै गएको मानवीय स्थितिको बारेमा चिन्तित छन् ।

शुक्रवार संयुक्त राष्ट्रसङ्घ शरणार्थीका लागि उच्चायुक्त फिलिपो ग्रान्डीले अफगानिस्तानको मानवीय स्थितिलाई असाध्यै निराशाजनकू भन्दै खाना, औषधि, आश्रय र अन्य आधारभूत आवश्यकताको व्यवस्थापनका निम्ति जोड दिनुभएको छ ।

## अफगानिस्तानमा विद्यालय खुल्न थाले

तालिबानी विद्रोहीले राजधानी काबुलमा कब्जा जमाएपछि बन्द रहेका विद्यालय करीब एक महिनापछि खुल्न थालेका छन् । अफगानिस्तानको शिक्षामन्त्रालयले दिएको जानकारी अनुसार छात्रहरूले अध्ययन गर्ने माध्यमिक, उच्च माध्यमिक र धार्मिक विद्यालय (मदरासा) हरू शनिबारदेखि सञ्चालनमा आएका छन् । मन्त्रालयले सरकारी तथा निजी दुवै विद्यालयका छात्रहरू र पुरुष शिक्षकहरूलाई शनिबारदेखि नियमित अध्ययन–अध्यापनमा फर्किन आग्रह गरेको छ। यहाँका प्राथमिक विद्यालय अघिल्लो हप्तादेखि सञ्चालनमा आएका छन् भने सकारी विश्वविद्यालय भने बन्द छन् । अफगानिस्तानका एक करोडभन्दा बढी बालबालिकालाई मानवीय सहायताको आवश्यकता रहेको पाइएको छ । संयुक्त राष्ट्रसंघ अन्तर्गतको राष्ट्रसंघीय बालकोष (युनिसेफ)ले बाँच्नकै लागि आवश्यक पर्ने आधारभूत आवश्यकताबाट समेत धेरै बालबालिकाहरू वञ्चित हुने अवस्था आउन लागेको जनाएको छ । उनीहरूका लागि अत्यावश्यक पर्ने सेवा तथा सामग्रीहरू तत्काल उपलब्ध गराउनु पर्ने देखिएको पनि युनिसेफले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ । ती बालबालिकाहरूलाई विषेश गरेर खाद्यपदार्थ, पिउने पानी र औषधि लगायतको आवश्यकता देखिएको हो । समयमै बालबालिकाहरूलाई अत्यावश्यक सेवा तथा सामग्रीहरू उपलब्ध गराउन नसकेमा मानवीय क्षति समेत हुनसक्ने युनिसेफका अधिकारीहरूले जनाएका छन् । उनीहरूले बालबालिकाहरुमा कुपोषण लगायतका समस्या देखिने खतरा रहेको र कतिपयमा त्यसका लक्षणहरू समेत देखिएको जानकारी दिएका छन् । बालबालिकाहरुलाई आवश्यक पर्ने सहयोगका लागि ठूलो आर्थिक सहायताको समेत खाँचो परेको युनिसेफले जनाएको छ ।

# परीको खोजी

**अमृताविरल**



प्रशान्तनगर भन्ने एउटा देशमा एकजना राजाले राज्य गर्दथे । राजाको उमेर बुढ्यौलीको रेखाभित्र प्रवेश गरिसकेको थियो । यसैले उनी चाहन्थे कि आफ्नो लक्का जवान राजकुमारको विवाह होस् र सम्पूर्ण राजकाजको जिम्मेवारी छोराले नै सम्हालोस् । उनी यसपछि बाँकी जीवन आराम गरेर बिताउन चाहन्थे । तर, राजकुमारको व्यवहार र स्वभावले उनको यो इच्छामा अवरोध पुऱ्याइरहेको थियो ।

राजकुमार वसन्त बीस वर्षका भएका थिए । देशविदेशबाट उनलाई विवाहका लागि अनगिन्ती प्रस्ताव आइरहेका थिए । उनका लागि सुयोग्य राजकुमारी खोज्ने र उनलाई देखाउने काम भइरहेका थिए । यसै क्रममा एक दिन एउटा लमीले विवाहको प्रस्ताव ल्याउँदै भन्यो- युवराज । कान्तिपुर देशकी राजकुमारी असाध्यै सुन्दर छिन्, फक्रिन लागेको सेतो गुलाबको कोपिलाजस्तै ।

राजकुमार वसन्तले टाउको पनि नहल्लाइकन केही नसुनेझैं गरी बसे ।

फेरि अर्को दिन त्यसैगरी एकजना दरबारको दूत दौडदै आयो र भन्यो- गन्धार राज्यकी राजकुमारी त निकै सुन्दर छिन् । मृगनयनी आँखा, बाघको जस्तो कम्मर, टम्म मिलेको छाती हुँदै झपक्कै फलेको अङ्गुरको झुप्पाजस्ती ।

राजकुमार वसन्तले उसको कुरालाई पनि वास्तै नगरी सिकार खेल्न जङ्गलतिर लागे ।

अर्को दिन अर्को दूतले दरबारमा आएर भन्यो- कम्बा राज्यकी राजकुमारीको त कुरै गर्नुपर्दैन युवराज, उनी बिहान उघ्रिन लागेको प्रकाशजस्तै उज्याली र निकै राम्री छिन् ।

राजकुमार वसन्तले दूतको कुरामा पनि ध्यान नदिई कविता पढ्न थाले । उनले कविताको पुस्तकमा नजर गाडेको गाड्यै गरे ।

राजकुमारको यो व्यवहारदेखि राजालाई हैरानी भयो । जसले जति नै राम्री राजकुमारीको विवाहको प्रस्ताव ल्याउँदा पनि राजकुमारको मन पग्लिएको थिएन । उनका अगाडि जति नै सुन्दरताको बयान गरे पनि उनको ध्यान तानिन सकेको थिएन । अन्त्यमा राजाले आश्चर्य मान्दै भने- राजकुमार किन विवाह गर्न मानिरहेका छैनन्, आखिर के कारण छ उनले विवाह नगर्नुको ?

तर, यस्तो हुनुको कारण कसैले दिन सकेनन् । राजाले मन्त्रीको छोरोलाई बोलाए । मन्त्रीको छोरो आयो र राजासामु दर्शन टक्र्यायो ।

तिमी त राजकुमारको मिल्ने साथी हौ । तिमीलाई पक्कै त थाहा होला राजकुमारले किन विवाह गर्न चाहेका छैनन् भन्ने कुरा ? राजाले विनम्र भावमा भने ।

महाराज ! राजकुमार वसन्तले परीको कथा सुनेपछि त्यही परीबाहेक अरू कसैसँग विवाह नगर्ने निधो गरेका छन्, मन्त्रीको छोरोले रहस्य खोलिदियो ।

यो कुरा सुनिसकेपछि राजालगायत त्यहाँ उपस्थित राजदरबारका सम्पूर्ण कर्मचारी आश्चर्यमा परे । राजाले परी बस्ने ठाउँ पत्ता लगाउन आफ्ना कर्मचारी एवम् सेना प्रमुखहरूलाई आदेश दिए । ठूलठूला पण्डित एवम् विद्वानलाई दरबारमा बोलाएर उनीहरूसँग परीबारे सुझाव मागियो । उनीहरूले ठूलठूला ग्रन्थका ठेली पल्टाएर हेरे तर कुनैमा पनि परी बस्ने ठाउँको बारेमा लेखिएको थिएन ।

त्यसपछि दरबारमा राज्यका सबै गण्यमान्यसहितको ठूलो राजसभा आयोजना गरियो ।

परी बस्ने ठाउँ पत्ता लगाउन हिँडेकाहरूले भने-महाराज ! अलैंची, मरिच, ल्वाङ आदि सागरपालिका, थुप्रै महादेश सबैतिर खोज्यौं, अमूल्य महादेशमा पनि चन्दन लिन गयौं, कैलाशमा मृगको कस्तुरी लिन गयौं, घुम्दै जाँदा देवदह जङ्गलमा पनि पुग्यौं ।

तर, कहीँ कतै पनि परी बस्ने ठाउँ पत्ता लगाउन सकेनौं ।

राजसभामा उपस्थित कसैले पनि परी बस्ने ठाउँबारे केही बताउन सकेनन् । राजा एकछिन बडो गम्भीरताका साथ सोचमग्न भए । अनि उनले फेरि मन्त्रीको छोरोलाई आफूसामु उपस्थित गराउन आदेश दिए ।

मन्त्रीको छोरो आउनेबित्तिकै राजाले सोधे- परी बस्ने ठाउँका बारेमा राजकुमारले कसबाट सुनेका हुन् ?

सरकार ! नवराज भन्ने एउटा शङ्ख फुक्दै यताउति डुलिरहने पागल छ । सिकार खेल्न जाँदा उसैले राजकुमारलाई परीको कथा सुनाएको थियो । मन्त्रीको छोरोले भन्यो ।

ए ! उसो भए त्यसलाई यहाँ बोलाओ, राजाले जङ्गिदै आदेश दिए ।

राजाको हुकुम सुन्नेबित्तिकै सेनाहरू दरबारबाट निस्किए र पागल नवराजलाई खोजेर पुनः सभामा हाजिर भए । पागल नवराजले एक मुठ्ठी जङ्गली फूल राजासामु चढाउँदै उनको अगाडि गएर उभियो ।

तिमीले राजकुमारलाई परीको कथा सुनाएका हौ ? राजाले सोधे ।

हो सरकार ! पागलले छोटो उत्तर दियो ।

परी बस्ने ठाउँका बारेमा तिमीले कसरी थाहा पायौ त ? राजाले पुनः सोधे ।

त्यहाँ त म प्रत्येक दिन आऊ-जाऊ गर्छु, उसले भन्यो ।

कहाँ छ त्यो ठाउँ ? राजाले सोधे ।

हजुरको राज्यको सिमानामा पर्ने चन्द्रगिरि पर्वतको वृन्दा सरोबरमा, पागलले बतायो ।

के त्यहाँ त्यो परी देखिन्छे त ? राजाले जिज्ञासा प्रकट गरे । देखिन त देखिन्छे तर चिन्न मुस्किल पर्छ । ऊ सधैं छद्मभेषमा बस्छे । कहिलेकाहीँमात्र उसले आफ्नो परिचय दिन्छे । उसलाई पक्रन कठिन हुन्छ, महाराज पागलले उत्तर दियो ।

त्यसो भए तिमी उसलाई कसरी चिन्छौ त ? राजाले शङ्कालु नजर लगाउँदै फेरि सोधे । कहिलेकाहीँ स्वर सुनेर, कहिलेकाहीँ प्रकाश देखेर चिन्न सक्छु सरकार पागलले अस्पष्ट कुरा गऱ्यो ।

पागलको कुरा सुनेर राजाले रिसाउँदै आफ्ना सेनालाई आदेश दिए- यसले के बेतुकको कुरा गरिरहेको छ ? यहाँबाट यसलाई लखेट ।

पागललाई दरबारबाट बाहिर गलहत्याइयो तर उसले गरेका सबै कुरा राजकुमार वसन्तको कानमा पुग्यो । राजकुमार वसन्त तत्कालै एउटा घोडामा चढी एक्लै चन्द्रगिरि पर्वततिर हिँडे । बाटोमा भेटेजतिले कहाँ जाँदैछौ । भनेर सोध्दा पनि उनले कुनै उत्तर दिएनन् ।

फागुन महिनाको समय थियो । सालका रूखहरू छपक्कै फुलेर वन ढाकिएको थियो । फूलको वासनाले वनै सुगन्धित र मनोरम बनेको थियो । पर्वतको गुफाबाट एउटा रमाइलो झरना बगिरहेको थियो । त्यो झरना काम्यक सरोबरसम्म पुगेको थियो । गाउँका मान्छेहरू त्यसलाई मतवाला झरना भन्दथे । त्यही झरनामुनिको मन्दिरमा पुगेर राजकुमार बसे ।

त्यहाँ बस्दाबस्दै एक महिना बित्यो । रूखमा टुसाएका कोपिला फक्रिएर फुल्न लागे । ती फूल झरेर भुइँमा बिस्कुनजस्तै देखिन थाले पनि । त्यस्तैमा एक दिन राजकुमार वसन्त मस्त निदाइरहेको बेला सपनामा उनको कानमा घण्टीको आवाज गुन्जियो । त्यो आवाजले राजकुमारका आँखा खुले । खुसी हुँदै उनले मनमनै भने- बल्ल आज परीको दर्शन पाउने भएँ ।

उनी हत्तपत्त उठेर घोडामा चढी झरनाको किनारैकिनार लागे । केहीबेरमै उनी काम्यक सरोबरको किनारमा पुगे । उनले त्यहाँ एउटी पहाडी केटी टुसुक्क बसिरहेको देखे । केटीका छेउमा पानी भरिएको एउटा घडा थियो । केटी आफू बसिरहेको ठाउँबाट बिस्तारै उठी । उसको अनुहार कालो थियो । लट्टैलट्ट परेको कालो कपालमा उसले एउटा शिरीषको फूल सिउरिएकी थिई । राजकुमार घोडाबाट ओर्लिएर त्यो केटीको समीप गए र भने- तिम्रो कानमा सिउरिएको त्यो शिरीषको फूल मलाई दिन्छ्यौ ?

केटीले कानमा सिउरिएको शिरीषको फूल झिकेर राजकुमारको हातमा थमाइदिई- लेऊ ।

तिमी परी हौ ? राजकुमारले भने, सत्य बताऊ ।

राजकुमारको कुरा सुनेर केटीको अनुहार एकाएक कालो र नीलो भयो । एकैछिनमा उसले आफूलाई सम्हाली र हाँस्न थाली । राजकुमारको कुराले उसको हाँसो रोकिँदै रोकिएन ।

राजकुमारले मनमनै भने-सपना साँचो होला जस्तो छ ।

त्यो हाँसो राजकुमारले अघि सपनामा सुनेको घण्टीको आवाजसँग मिल्दोजुल्दो थियो । राजकुमार पुनः घोडामा चढे र केटीलाई दुवै हात दिँदै भने- आऊ ।

केटी राजकुमारको हात समातेर घोडामा चढी । उसले कत्ति पनि सङ्कोच मानिनन् । उसको पानी भरिएको घडा नदी किनारमै थियो ।

शिरीषको रूखको हाँगामा बसेर कोइली चरी कुहुकुहु गीत गाइरहेको थियो । राजकुमारले केटीको कानमा नजिकै मुख लगेर सोधे- तिम्रो नाम के हो नि ?

कजरी, केटीले जवाफ दिई ।

घोडामा चढेर उनीहरू दुवैजना झरनाको किनारै- किनार पुरानो मन्दिरमा पुगे ।

अब तिमी आफ्नो छद्मभेष त्यागिदेऊ, राजकुमारले केटीलाई भने ।

राजकुमारको कुराले आश्चर्यभावमा केटी बोली, म त वनमा बस्ने मान्छे हुँ । छद्मभेष भनेको के हो ? मलाई थाहा छैन ।

तर म त तिम्रो परी रूप देख्न चाहन्छु ... राजकुमारले भने ।

परी रूप ? केटी फेरि मरीमरी हाँस्न थाली ।

राजकुमारले मनमनै भने-यसको हाँसो त झरनाको स्वरसँग मिल्छ । यो त मेरो त्यही झरना परी हो ।

राजकुमार वसन्तले परीसँग विवाह गरे भन्ने कुरा प्रशान्तनगर दरबारमा पुग्यो । राजाले दरबारबाट घोडा, हात्ती र बाजागाजासहित उनीहरूलाई लिन पठाए ।

राजकीय लावालस्कर मतवाला झरनाको त्यस मन्दिरमा पुग्यो, जहाँ राजकुमार वसन्त कजरीका साथ बसिरहेका थिए ।

त्यो देखेर कजरीले सोधी- यो सबै केका लागि ?

तिमीलाई राजमहलमा लानका लागि, राजकुमारले मधुर मुस्कानका साथ जवाफ दिए ।

यो सुनेर कजरीका आँखाभरि आँसु टिलपिलाउन थाले । उसलाई आफ्नो घैँटोको सम्झना भयो, जुन झरनाको किनारमा छोडिएको थियो । उसले आफ्नो बुवा र भाइलाई सम्झी, जो सिकारबाट घर फर्कने बेला भएको थियो । त्यसपछि उसलाई आफ्नो कर्तव्यको पनि सम्झना भयो । उसले सोच्दासोच्दै आमाले आफ्ना लागि गुनगुनाउँदै कपडा छानेको पनि सम्झी । त्यो सबै सम्झेर उसले भनी-नाई, म त जाँदिन ।

बाजागाजा झ्याम्मझ्याम्म बजिरहेका थिए । हर्षको त्यो रौनकमा उसको कुरा कसले पो सुन्थ्यो र उसको कुरा सुनिदिने त्यहाँ कोही थिएन । अन्ततः ऊ दरबार जान बाध्य भई ।

राजदरबार पुगेपछि जब कजरी डोलीबाट ओर्लिई, तब रानीले दिक्क मान्दै भनिन्-कस्ती परी हो यो ?

राजकुमारले जङ्गिँदै भने-चुप लाग्नुहोस् तपाईंहरू, यी परी छद्म भेषमा आएकी छिन् ।

दिनहरू बित्दै गए । राजकुमारले जुनेली रातमा ओछ्यानबाट उठेर हेर्थे र मनमनै सोच्थे- कजरीको यो छद्मभेष कहिले हराउला ?

तर, कजरी भने एउटा कालो ढुङ्गाको निर्दोष आकृतिजस्तै काली थिई । उसले छद्मभेष नछोड्दा राजकुमार दरबारका सदस्यसामु लज्जित बनिरहेका थिए ।

एक दिन राजकुमार वसन्तलाई भित्रभित्रै रिस उठ्यो । कजरी बिहान ओछ्यानबाट उठ्न लाग्दा राजकुमारले उसका दुईवटै हात च्याप्प समाते र भने- आज म तिमीलाई त्यसै छाड्दिनँ । तिमी आफ्नो वास्तविक रूप प्रकट गर, म हेर्छु ।

राजकुमारको यस्तो कुरा सुनेर कजरी पहिले वनमा जुन हाँसो हाँसेकी थिई त्यस्तै हाँसो हाँस्न थाली । तर, हेर्दाहेर्दै उसका आँखाबाट अश्रुधारा बग्न थाले ।

यो देखेर राजकुमारले पनि अलि भावुक र निष्ठुरी हुँदै भने- के तिमीले मलाई सधैंभरि धोका दिइरहन्छ्यौ ?

अहँ होइन, कजरीले मुन्टो हल्लाउँदै बोली ।

त्यसो भए पूर्णिमाको रातजस्तै सबैले परी देख्ने वातावरण मिलाऊ, राजकुमारले आदेश दिए ।

त्यतिबेला पूर्णिमाको चन्द्रमा आकाशको बीच भागमा आइपुगेको थियो । दरबारमा सहनाईको मधुरो स्वर गुन्जिरहेको थियो । राजकुमार वसन्त हातमा वरमाला लिएर दुलाहाको पहिरनमा प्रवेश गरे ।

परी दुलहीसँग उनको आज बल्ल भेट हुनेवाला थियो । शयनकक्षको ओछ्यानमा सेतो च्यादर बिछ्याइएको थियो र त्यसमाथि असङ्ख्य सेता पुष्पगुच्छा राखिएका थिए । कक्षको माथि प्वालबाट चन्द्रमाको सेतो प्रकाश त्यहाँमाथि टल्किरहेको थियो ।

तर, कजरी त्यहाँ कतै थिइनँ ।

तेस्रो प्रहरको घण्टी बज्यो । चन्द्रमा पश्चिमतिर ढल्कन थाल्यो । परी हेर्न आएका मान्छेहरू एकएक गरी आआफ्ना घरतिर फर्कन थाले ।

परी खोई त ? महारानी चिच्याइन् ।

राजकुमार वसन्तले मधुर स्वरमा भने, परीले ओझेलमा मात्र आफ्नो परिचय दिन्छिन् । त्यसपछि उनलाई कहिल्यै देख्न सकिन्न ।

# बाबाको सम्झना सुसेली



दुर्गा अधिकारी भमरकोटे

बाबाको सम्झना सुसेली
यो कुसे औसी
मुख हेर्नु बाबाको
मोती जयन्ती ।

बाबा माथि छन्
दाजु पिता समान
मेरो नमन ।

माथि गजुर
सुरक्षाको कवच
बाबा हजुर ।

पाखा पहरा
रक्षा गर्ने सन्तति
एकै सहारा ।

मन्द बतास
माता हाम्री धरती
बाबा आकाश ।

बाबा छाता हौ
हातमुख जोडने
अन्न दाना हौ ।

छाँगो छहरा
साना नानी बाबुका
बाबा पहरा ।

छिनछिनमा
सुरक्षार्थ खटिन्छौ
हर दिनमा ।

अन्न भकारी
जोड्छौ मिहिनेतले
खान्छौं डकारी ।

यो संसारमै
बाबा जस्तो सहारा
अरू छैन क्वै ।

रक्षा कवच
पिता देवतुल्य हुन्
बुझैं अब त ।

तुच्छ गनिन्छ
बल्ल बुझैं टुहुरो
किन भनिन्छ ।

हे जगन्नाथ
लग्यौ बाबा स्वर्गमा
भएँ अनाथ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४-०६५ गो.हु.का. द.नं. १/२०७७/०७८


# बेला मोटरको लोकप्रियता बढ्दै

काठमाडौं । नेपालमा मानिसहरुको जीवनस्तरमा सुधार आएसँगै


मेनेजर निर्मल पाण्ड

मानिसहरुले उपभोग गर्ने स्रोत साधनहरुमा पनि वातावरणीय मैत्री खोज्न थालेका छन् । विश्वमा वातावरणीय प्रदुषण र पेट्रोलियम पदार्थको मुल्य वृद्धि भइरहदा मानिसहरु कम लागतमा वातावातरण मैत्री सवारीका साधनहरु उपभोक्ताको रोजाईमा पर्न थालेका हुन् ।

त्यसको प्रभाव नेपालमा पनि हुन थालेको छ । अहिले नेपालमा सामान्य अवस्थाका मानिसहरुदेखि उच्च तहका मानिसहरु समेत वातावरण मैत्री अर्थात विधुतीय सवारी साधन रुचाउन थालेको समयमा बेला मोर्टस् प्रा.लि.का मेनेजर निर्मल पाण्डे बताउँछन् ।

मानिसहरु वेला मोर्टस् प्रति आकर्षण हुनको कारण एकपटक चार्ज गरेपछि २०० किलोमिटरसम्म सजिलै कुदने र बाइकको हकमा हल्का हुनु र उपत्यकाको लागि आरामदायी , प्रदुषणमुक्त र पैसा सकिएर तेल नभए के गर्ने भन्ने समस्या नआउने हुनाले नेपालमा इलेक्ट्रिक सवारीको मोह मानिसहरुमा बढ्न थालेको हो ।

करिब पाँच बर्ष अगाडि नेपालमा आधिकारीक रुपमा वेला मोर्टस्का सवारी साधन टि पाइभ स्पोर्ट बाइक, टि स्पोर्ट थ्री, डुना स्कुटी, बिएम ३०० जिएल, र बिएम ३०० आर एल ट्याक्टर वेला मोर्टस्ले बिक्री गदै आएको छ । भने उक्त सवारी साधनहरुको पाट्स पुर्जा पनि सजिलै उपलब्ध गराउन पनि वेला मोर्टस्ले









ग्राहकलाई सजिलो बनाउदै आएको छ ।

यसको मुख्य कार्यालय बालुवाटारमा रहेको छ । अहिले दशैंको अवसरमा वेला मोर्टस्ले ग्रहकहरुको लगि बिभिन्न अफर ल्याएको र दशै-तिहार, छठ सम्म लागु हुनेगरी वेला ईलेक्ट्रिक कम्पनीको मेनेजर पाण्डेले बताएका हुन् ।

उक्त अवसरको फाइदा उठाउन पनि पाण्डेले आग्रह गरेका छन् ।

# नेपालका नाम कमाएकाले बिजुलीको दाम तिरेनन्

काठमाडौ । सरकारी संस्थान बिधुत प्रधिकरणको ३४ अर्व ८० करोड बिधुत महाशुल उठाउन बाँकी छ । जसमध्य धेरै मोटो रकम बिजुलीको पैशा नर्तिने नामको लिष्ट, नाम कमाएका नेपालका ठुला व्यापारीहरु परेका छन् ।

हेर्नुस पैशा नतिर्ने उधोगहरुको नाम

शिवम सिमेन्ट १ अर्ब ५० करोड, धौराही सिमेन्ट १ अर्ब, रिलाइन्स स्पिनिङ १ अर्ब ५० करोड, विशाल सिमेन्ट ५ करोड, बाबा जुटमिल ५ करोड, , जगदम्वा स्टिल २ अर्ब ९२ करोड, पञ्चकनया पलाष्टिक ९ करोड, बुटवल सिमेन्ट २८ करोड, मारुती सिमेन्ट १ अर्ब, डावर नेपाल ९ करोड ५० लाख, कसमस सिमेन्ट २५ करोड, जगदम्बा सेन्थिटिक्स् ३८ करोड, नाहीस सिमेन्ट २५ करोड, सम्राट सिमेन्ट १६ करोड, शुभश्री अग्नि सिमेन्ट २१ करोड, युनाइटेड सिमेन्ट १७ करोड, रघुपति जुटमिल १९ करोड, त्रिवेणी सिमेन्ट ६५ करोड, एभरेष्ट पेपर मिल १९ करोड ११ लाख, हिमाल आइरन स्टिल ९ करोड ५० लाख, सिद्धिलक्ष्मी स्टिल २ करोड ५० लाख, निगाले सिमेन्ट १२ करोड, रोप्ला सिमेन्ट ४ करोड, अशोक स्टिल ३८ करोड, नारायणी स्पात ३० करोड, अशोक स्टिल ३८ करोड, , हामा आइरन ९ करोड ५४ लाख, हुलास स्टिल २५ करोड, सूर्य नेपाल ६ करोड, , जगदम्बा इन्टरप्राइजेज १५ करोड, सोनापुर मिनरल ५४ करोड, अर्घाखाँची सिमेन्ट ९७ करोड ३२ लाख रहेको छ । माथि उल्लेखित सवै नेपालका घरनियाँ नाम चलेका व्यापारीहरुवाट सञ्चालित उधोगहरु हुन् । उनिहरुको धेरै जतिको धेरै ठाउँमा लगानी गरेका र नाम पनि कमाएका दाम पनि कमाएका उपल्लो पढ उधोग बाणिज्य महासंघमा सदस्य भएका कोही उधोग बाणिज्य दुत भइसकेका कोही समानुपातिक कोटावाट संसद भइसकेका, कोही राजनीतिक पार्टीका केन्द्रीय सदस्य समेत रहेका ब्याक्तिहरुले सञ्चालन गरेका उधोगहरु हुन् । उनिहरुले सञ्चालन गरेका उद्योगहरुले नै बिद्युत प्रधिकरणको तिर्न बाँकी रहेको बक्यौत नतिरेका हुन् ।

## एसिएन अफ्रिकन चेम्बर अफ कमर्शमा डा. पोखरेल

काठमाडौं । एसिएन अफ्रिकन चेम्बर अफ कमर्श एण्ड ईन्डस्ट्रिजको



नेपाल चेप्टरमा वर्ल्ड ट्रेडग्रुप नेपालका अध्यक्ष डा शम्भु पोखरेल चयन भएका छन । चेम्बरको सोमबार बसेको सञ्चालक समितिको बैठकले त्यस्तो निर्णय गरेको एसिएन अफ्रिकन चेम्बर अफ कमर्श एण्ड ईण्डस्ट्रिजले जनाएको छ । एसिया र अफ्रिकाका देशहरुको व्यवसायीहरु तथा व्यवसायीक एशोसिएसनहरु सदस्य रहेका सो चेम्बरको पहिलो पटक नेपाल चेप्टर सुरु भएको हो । आफु नेपाल चेप्टरको अध्यक्ष भएपछि अब नेपाल र एसियाका अन्य मुलुकहरु र अफ्रिकाका मुलुकहरुमा व्यवसाय प्रवर्धनमा सहयोग पुग्ने अध्यक्ष डा शम्भु पोखरेलले बताएका छन । वर्ल्ड ट्रेड ग्रुपअन्तर्गत नेपालमा बिजनेश टेलिभिजन, सिईओ क्लब, ब्ल्याकहोल आईटि सोलुसन, काठमाण्डौ स्कुल अफ बैंकिङ एण्ड इन्युरेन्स लगाएतका दर्जन बढि संस्थाहरु सञ्चालनमा रहेका छन ।

# साग्रीला मोर्टस्ले भित्रयायो c 5 aircross car

साग्रीला मोट्र्सले फान्समा उत्पादित C5 aircross कार नेपालमा भित्रयाएको छ । भरखरै दशैंको अवसरमा नेपालमा भित्र्याइएको कार हेर्न मानिसहरुको घुँइचो लागेको




छ ।

साग्रीला मोटर्सले नेपालमा उक्त कम्पनीकै कार बिक्री बितरण गदै आएको थियो । त्यसै कम्पनीले उत्पादन गरेको नेपालकै पहिलो सुविधायुक्त कार बजारमा ल्याएको सांग्रिला मोटरका प्रतिनिधि किरण श्रेष्ठले बताएका छन् ।

नेपालको लागि फान्सेली अटोमेकर कम्पनीको पहिलो उत्पादन C5 aircross कारको आधिकारिक बिक्रेता नेपालको लागि सांग्रिला मोटरले रहेको छ ।

यसका विशेषताहरु

- विश्वमा नै एकैपटक अत्याधिक मात्रामा उत्पादन भएको कार
- अटोमेटिक गियरबक्स सिस्टम
- १२.३ इन्च डिजिटल डाइभर डिस्प्ले
-आरामदायी सिट
-रोड बाइरोड दुवैमा आरामदायी र मिस्टियवल डबल चेभरन डिजाइन
-उच्च भिजीविलीटी
-डियुल प्रोगेसिप हाइड्रोलिक कुसुन्स

आरामदायी सवारी C5 भएको C5 aircross कार




aircross कार धेरै महँगो भएपनि यसमा धेरै सुविधा भएको कारण नेपाली ग्राहकको खरिदमा भन्दा पनि हेराइमा बढी घुँइचो लाग्ने देखिएको छ । गएको असोज ३ गते सार्वजानिक थापाथलीस्थित शो रुममा हेर्नको लागि ग्राहकहरुको घुँइचो लागेको देखिन्छ ।

नेपालको संविधानका विशेषता

➢ सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान,
➢ नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीयसत्ता ,
➢ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,
➢ धर्म निरपेक्ष राज्यव्यवस्था,
➢ मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
➢ लोकतान्त्रिक मुल्यमान्यतामा आधारित संविधान,
➢ समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको,
➢ प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली,
➢ संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था,
➢ समाजवादउन्मुख अर्थतन्त्र ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस